# परिच्छेद एक : परिचय

## १.१. पृष्ठभूमि

उमेरको दृष्टिकोणले सामान्यतया अपरिपक्व र कलिला व्यक्तिलाई वालवालिका भनिन्छ । उनीहरु कम उमेरका हुने भएकाले हेरचाह र संरक्षणको आवश्यकता पर्दछ । वाल्य अवस्थामा मष्तिस्कको पूर्ण विकास भइ नसक्ने हुनाले उनीहरुको यस अवस्थालाई नावालक पनि भन्ने गरिन्छ । आफ्नो राष्ट्रको कानूनले त्यहाँको वाल्यस्थिति, परिपक्वता प्राप्त गर्न सक्ने उमेरको मूल्याङ्कन र उनीहरुले गर्ने कार्यको पद्धतिको आधारमा वालवालिकाहरुको उमेर निर्धारण गरिएको हुन्छ । संयुक्त राष्ट्र संघीय वालअधिकार महासन्धी १९८९ ले कुनै पनि राष्ट्रिय कानूनमा अन्यथा तोकिएकोमा वाहेक १८ वर्ष मुनिका सबै व्यक्तिलाई वालवालिका सम्झनु पर्दछ भनी परिभाषित गरेको छ । तर उमेरको हद काम र देश अनुसार फरक भएको पाइन्छ, जस्तै : फिलिपिन्समा १४ वर्ष, हङकङमा १५ वर्ष  आदि । पेरुमा कृषि क्षेत्रमा १४ वर्ष, उद्योग तर्फ १५ वर्ष, समुद्रमा माछा मार्ने काममा १८ वर्ष, बन्दरगाहमा काम गर्ने र समुद्र अन्य काममा १८ वर्ष छ । अन्तर्राष्ट्रिय श्रम संगठनको न्यूनतम उमेर सम्बन्धी महासन्धीले हल्का कामको लागि १३ वर्ष र खतरापूर्ण कामको लागि हुनुपर्ने उमेर १८ वर्ष तोकेको छ । जस्तो भएपनि अन्तराष्ट्रिय श्रम संगठनले पनि विद्यालय शिक्षाको पुरा हुने उमेरलाई नै सामान्य कामको लागि पनि न्यूनतम उमेर १५ वर्ष तोकेको छ । हाम्रो देशको सन्दर्भमा वालकलाई जनाउन नावालक, केटाकेटी, वच्चावच्ची, शिशु, नानी जस्ता शब्दहरुको प्रयोग गरिन्छ । वालवालिका सम्बन्धी ऐन २०४८ को दफा २ को उपदफा (क) मा “वालक” भन्नाले सोह्र वर्ष उमेर पूरा नगरेको वालवालिका सम्झनु पर्छ भन्ने उल्लेख गरिएको छ । श्रम ऐन २०४८ कै दफा २ को देहायको ज र झ मा केटाकेटी भन्नाले १४ वर्ष उमेर नपुगेका व्यक्तिहरुलाई सम्झनु पर्छ र नावालिक भन्नाले १४ वर्ष उमेर पुगेको तर १८ वर्ष उमेर पुरा नभएका व्यक्तिलाई सम्झनु पर्दछ (नेपाल सरकार, २०५६) ।

बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ३ देखि २० सम्म बालबालिकाको हक अधिकारहरुका बारेमा स्पष्टसंग उल्लेख गरिएको छ । बालअधिकार भन्नाले उनीहरुको बाँच्न पाउने, नाम पाउने, पालनपोषण, शिक्षा स्वास्थ्योपचारको अधिकार, मनोरंजन, संरक्षण, व्यक्तित्व

विकास, आफनो बारेमा तय गरिने नीति र सामाजिक गतिविधिहरुमा सहभागी हुन पाउने अधिकारको एकमुष्ट स्वरुप हो (नेपाल सरकार, २०४८) ।

विश्वमा कुल जनसंख्याको २ अरब १२ करोड ५१ लाख ४३ हजार जनसंख्या १८ वर्ष मुनिका बालबालिकाको छ । प्रत्येक दिन विश्वममा २५ लाख बालबालिका जन्मन्छन् र प्रति सेकेण्ड ४२ जना बच्चाको जन्म भैरहेको छ ।

वि.सं. २०५८को जनगणना अनुसार नेपालको कुलजनसंख्या २३१५१४२३ छ । यस मध्ये ५ वर्ष मुनिका बालबालिका ३४ लाख ७८ हजार ६९ जना छन् । कुल जनसंख्याको यो हिस्सा १५ % हो । यसमा बालिकाहरुका संख्या ४९.२५% छ (कक्षीय तथ्याङ्क विभाग, २०६१) ।

प्रजातन्त्र पुनः स्थापना पश्चात जारी भएको नेपाल अधिराज्यको संविधान २०४७ ले बालबालिकाहरुको उपयुक्त रेखदेख र विकासमा जोड दिएको छ । त्यसरी नै नेपालको अन्तरिम संविधान, २०६३ ले पनि बालबालिका हरुका सम्बन्धमा विशेष व्यवस्थाहरु गरेको छ । अन्तरिम संविधानको धारा २२ मा “प्रत्येक बालबालिकाहरुलाई आफ्नो पहिचान तथा नामको हक हुनेछ” । उनीहरुलाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ । शारिरीक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुनेछ । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ । असहाय, अनाथ, सुस्तमनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ (नेपाल सरकार, २०६३) ।

राज्यका नीतिहरुको उपधारा ८ मा राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरुको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नेछ र निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जाने व्यवस्था उल्लेख छ । त्यसैगरी उपधारा ९ मा राज्यले अनाथ बालबालिका, असहाय, महिला, वृद्ध, अपाङ्ग र अशक्तहरुको संरक्षण र उन्नतिकालागि शिक्षा स्वस्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने व्यवस्था गरिएको छ ।

त्यसरी नै बालविकास कक्षाहरु मार्फत पनि बालबालिकाहरुको शारीरिक, सामाजिक बौद्धिक विकासमा सहयोग पऱ्याउने उद्देश्यले स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय

निकायहरु गा.वि.स. र नगरपालिकालाई आ-आफ्नो स्रोतबाट पूर्वप्राथमिक विद्यालय स्थापना गर्ने र त्यस्ता कक्षाहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ (शिक्षा विभाग, २०६१) ।

शिक्षा ऐन २०२८ (संशोधन सहित) को व्यवस्था अनुसार आफ्नै स्रोतबाट पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धित गा.वि.स./न.पा.ले दिन सक्ने व्यवस्था छ ।

संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा सन् १९४८मा शिक्षा पाउनु प्रत्येक व्यक्तिको मौलिक अधिकार भनिएको छ । त्यसरी नै संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी विश्वव्यापी घोषणा १९४८ले "शिक्षा पाउनु अधिकार भएकोले कम्तिमा आधारभुत तथा प्राथमिक शिक्षा अनिवार्य र निशुल्क हुनुपर्छ भनेको छ (नेपाल सरकार, बालअधिकार महासन्धी १९४९) ।

सबैको लागि शिक्षा सम्बन्धी विश्व सम्मेलन, बालबालिकाहरुका लागि विश्व शिखर सम्मेलन, बालअधिकार सम्बन्धी संयुक्तराष्ट्र संघीय महासम्मेलनमा नेपालले प्रतिबद्धता जनाए अनुसार प्राथमिक उमेरका बालबालिकाहरुका रेखदेख र विकास सम्बन्धी राष्ट्रिय योजना र नीतिहरुको विकास गरिएको छ । सरकारका योजना तथा नीतिहरुमा बालविकासको लागि कार्यक्रमहरु तय गरिएका छन् ।

आधुनिक नेपालको शैक्षिक इतिहासमा पूर्वप्राथमिक शिक्षा सम्बन्धी औपचारिक प्रयासको थालनी सरकारी स्तरमा वि.स. २००७ सालमा काठमाडौंमा मन्टेश्वरी स्कुल स्थापनाबाट भएको पाइन्छ । यसका लागि चाहिने आवश्यक तालिम शुरुमा केही शिक्षकहरुले भारतबाट प्राप्त गरेका थिए भने २०१९ सालतिर केही शिक्षकहरु तालिमका लागि इजरायल समेत गएका थिए । २०२० सालमा सो मन्टेश्वरी स्कूल तत्कालीन डेमोन्स्ट्रेसन (हाल ल्याबोरेटरी) स्कूलमा गाभिएपछि विद्यालय उमेर नपुगेका स-साना केटाकटीहरुका लागि २०२१मा शिशु कक्षाको व्यवस्था गर्न खोजिएको देखिन्छ । यस सन्दर्भमा २०२२ साल देखि बाल मन्दिरहरुको स्थापना भई शिशुशिक्षासम्बन्धी कार्यक्रमहरु संचालन हुन थालेको उल्लेखनीय छ । शिक्षा मन्त्रालय अन्तर्गत २०२५ साल देखि शिशु कक्षा सम्बन्धी पाठयक्रम तर्जुमा गर्न थालिएको हो । उक्त पाठ्यक्रम लाई पुनः शिशु कक्षा व्यवस्था नियमावली द्वारा २०२९मा सुव्यवस्थित गर्ने प्रयास गरियो ।

यसका अतिरिक्त नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०१२, सर्वाङ्गीण राष्ट्रिय शिक्षा-समिति २०१८ ले पूर्वप्राथमिक शिक्षा सम्बन्धमा सिफारिसहरु गरेका थिए । तर पूर्वप्राथमिक उमेरमा बालबालिकाहरुको शिक्षा र विकास सम्बन्धमा राष्ट्रिय योजनाहरुमा धेरै पछि सम्म पनि उल्लेख गरिएको पाइँदैन । सातौ योजना (सन्१९८५-१९९०) मा आएर बल्ल ६ वर्ष पूर्वको बालकको विकास सम्बन्धी कार्यक्रमहरु समावेश भएका देखिन्छन् । त्यसपछिको योजनाहरु ले क्रमशः बाल विकास सम्बन्धी कार्यक्रमहरु लाई प्राथमिकता दिएका छन् । दशौं पचवर्षीय योजना (सन्२००२-२००६), बालविकासको लागि दश वर्षे कार्ययोजना (सन् १९९२), सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५), सबैका लागि शिक्षा मुख्य दस्तावेज (सन् २००४-२००९) हरुमा समेत बाल विकास र शिक्षा सम्बन्धी योजना र कार्यक्रमहरु समाविष्ट गरिएका छन् । नेपालका त्रिवर्षीय अन्तरिम योजना (२०६४-२०६७) मा समेत बाल विकास सम्बन्धी व्यवस्था उल्लेख छ (शिक्षा मन्त्रालय, २००७) ।

"प्रारम्भिक उमेर समूहका बालबालिकाको पहुँच वृद्धि गर्न विद्यालयमा पनि १वर्षे पूर्व प्राथमिक शिक्षा कार्यक्रम संचालनमा व्यापकता ल्याइनेछ । पछाडी पारिएका जनजाति महिला, मधेशी लोपोन्मुख जाति एवम् दलितहरु अवस्थित क्षेत्र पहिचान गरि समुदायमा आधारित प्रारम्भिक बाल विकास कक्षालाई एकीकृत कार्यक्रममा समायोजन गरी कार्यान्वयन गर्न विशेष व्यवस्था गरिने छ । सामुदायिक बालविकासको संचालनको मूख्य जिम्मा स्थानीय निकायमा रहनेछ । स्थानीय निकायले विभिन्न सरकारी तथा गैरसरकारी निकायको सहयोगमा स्थानीय तहका संघ संस्थाहरु जस्तैः आमा समूह, युवा समूह, उपभोक्ता समूह, बचत समूह आदिलाई परिचालन गर्नेछन् (नेपाल सरकार, त्रिवर्षीय अन्तरिम योजना २०६४-२०६७ पृष्ट २६१) ।

खासगरी दूर्गम ग्रामीण इलाकामा बस्ने सुविधा विहीन बालबालिकाहरुको लागि प्रारम्भिक बाल विकास कार्यक्रमको आवश्यकता महशुस गरी हालसम्म तयार गरिएका योजनाहरुले प्रारम्भिक बाल विकासको आवश्यकता सम्बोधन गरेका छन् ।

सन् १९९१ देखि नै शिक्षा मन्त्रालयले बालबालिकाहरुको जीवन विकास र संरक्षणको लागि उनीहरुको अधिकारमा आधारीत पद्धतिलाइ प्रोत्साहन गरिरहेको छ (शिक्षा विभाग, २०६१)

सन् २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार सबैको लागि शिक्षा (EFA) को लक्ष्य प्राप्त गर्न सबैको लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) र

सबैका लागि शिक्षा (२००४-२००९) मार्फत सघन प्रारम्भिक बाल स्याहार तथा शिक्षाको विस्तार सुधारमा जोड दिइएको छ ।

त्यसै गरी शिक्षा विकास सम्बन्धी नेपाल सरकारले विद्यालय क्षेत्र सुधार योजना .( २०६६-२०७२) मा विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSR) ले पनि प्रारम्भिक बालविकास शिक्षा बाट कक्षा १ मा भर्ना हुने बच्चाहरुको लक्ष्य (सन् २०१५/१६) SSR को अन्तिम वर्षमा ८०% लक्ष्य राखेको छ । हाल समुदाय तथा विद्यालयमा आधारीत गरी मुलुकमा २४७७३ बालविकास कक्षा संचालित छन् जस मध्ये १२८८३ समुदायमा आधारित छन् । यसका अतिरिक्त नेपालमा प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको विस्तार र सेवा प्रवाह गर्न संस्थागत विद्यालय हरुको योगदान महत्वपूर्ण रहेको छ (शिक्षा विभाग, २०६७) ।

प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका लागि नीतिनियम निर्देशन गर्न शिक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा प्रारम्भिक बालशिक्षा तथा विकास परिषदको गठन भएको छ । कक्षीीय तहमा अन्तर मन्त्रालय तथा अन्तर निकाय बीच सबै प्रारम्भिक बालशिक्षा तथा विकस कार्यक्रमहरुमा समन्वय गर्नका लगि राष्ट्रिय योजना आयोगले एउटा समन्वय समिति निमार्ण गरेको छ । जिल्ला विकास समिति अन्तर्गत प्रारम्भिक बाल शिक्षा तथा विकास समितिको व्यवस्था गरिएको छ (शिक्षा मन्त्रालय, २०६६) ।

जन्म देखि ५ वर्ष सम्मका बालबालिकालाई विकासात्मक मनोविज्ञानले प्रारम्भिक बाल अवस्था भनी नामाकरण गरेको छ । जन्मदेखि ५ वर्ष भित्रका बालबालिकाहरुको शारीरिक, सामाजिक संवेगात्मक र बौद्धिक क्षमताको समिष्टगत विकास गर्नका लागि प्रारम्भिक बाल शिक्षा दिने गरिन्छ । बालबालिकाको उमेर अनुसार विकासक्रम पनि फरकफरक हुन्छ । जीवनको पहिलो ५ वर्षको उमेरलाई आधुनिक मनोविज्ञान र चिकिसा विज्ञानले समेत महत्वपूर्ण समय मानेको छ । यस उमेरमा जुन किसिमको अवधारणा बन्दछ । त्यस अवधारणाले पूर्ण मानव विकासमा महत्व पूर्ण भूमिका खेल्दछ । यस बेलामै पूर्ण मस्तिष्क विकासको लागि आवश्यक संरचना र स्नायुहरुको आधार विकास हुन्छ । यस कारण परिवारका सदस्यहरुले बालबालिकाहरुको प्रारम्भिक विकास स्वाभाविक गर्न र गराउन निरन्तर ध्यान दिनु आवश्यक छ ।

प्रारम्भिक वाल्य अवस्था विद्यालय पढ्न जानुभन्दा अगाडिको उमेर हो । वालवालिकाहरु प्रारम्भिक उमेरमै विद्यालय प्रवेश गर्दछन् र साथीभाई सँग एकआपसमा वोल्ने, कार्य र आफ्नो रुची साटासाट गर्न प्रयास गरिरहेका हुन्छन् हरेक वालवालिकाको प्रारम्भिक उमेरमै भविष्यको सिकाईको लागि आवश्यक पर्ने स्नायुहरुको विकास हुने गर्दछ, । यही सिकाईको लागि उपयुक्त स्नायुहरूको विकास उक्त उमेरमा हुन सकेन भने पछि जतिसुकै कोशीस गरेपनि उसले सिक्न सक्तैन । त्यसकारण भावि सिकाईलाई वलियो वनाई सुनिश्चित सिकाई गर्न आवश्यक आधार स्नायुहरुको विकास गर्नु आवश्यक छ । जस्तैः वालकको प्रारम्भिक उमेरमा समस्या समाधान गर्ने स्नायुको विकास भएन भने उसको भविष्यमा समस्या समाधान गर्न सक्ने क्षमता न्यून हुन्छ (युनिसेफ, २००१) ।

मुलुकभर संचालन भएको प्रारम्भिक वालशिक्षालाई अगाडी बढाउन विभिन्न संघ संस्थाहरुले महत्वपूर्ण भूमिका खेलेका छन् । युनिसेफ, सेभ द चिड्रेन, नर्वे, प्लान नेपाल, वर्ल्ड भिजन, सेतो गुरास मुख्य हुन् । त्यसरी नै स्थानीय स्तरमा विभिन्न संघ संस्थाहरुले यहि वालविकास शिक्षाको उन्नतिमा महत्वपूर्ण भूमिका खेलेका छन् ।

नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, प्रारम्भिक वालविकास शाखा, सेरीड अदिले प्रारम्भिक वालविकास सम्बन्धी विभिन्न तालिम सेमिनार, खोज अनुसन्धान र विकासमूलक कार्यक्रमहरु संचालन र परीक्षण गर्दै आई रहेका छन् । वालवालिकालाई विद्यालय जाने वातावरण र उनीहरुको समग्रताको विकासका लागि प्रारम्भिक वालशिक्षा कार्यक्रमहरुको उच्च महत्व रहेको परिवेशमा वालवालिकाको सर्वाङ्गीण विकास गर्ने हेतु स्थापना गरिएको वालविकास कक्षाको लोक प्रियता दिनानुदिन बढ्दो रहेको छ । यसरी संचालन गरिएको वालविकास कक्षा र समग्र प्रारम्भिक वालविकास शिक्षा कार्यक्रमले वालवालिकाको सामाजिक व्यवहार (Social Behaviour) मा पारेको प्रभावको अध्ययन हुन जरुरी छ । हाम्रो देशको सन्दर्भमा वालशिक्षाका विविध पक्षमा अनुसन्धान भएपनि वालविकास शिक्षा हाँसिल गरेका वालवालिकाहरुको सामाजिकीकरणमा पारेको प्रभावका वारेमा अध्ययन भएको पाइँदैन । यो विषय सबै नागरिक समाजमा चासोको विषय वनेको छ । यसै परिवेशलाई आत्मसात गरी प्रारम्भिक वालशिक्षाप्रतिको महत्व स्पष्ट पार्दै वालशिक्षा हाँसिल गरेका वालवालिकाहरूको

सामाजिकीकरण (Socialization) मा थप स्पष्ट पार्न आवश्यक ठानी यो शोध अध्ययन गरिएको हो ।

१.२. समस्याको कथन

प्रारम्भिक वालविकास कार्यक्रम सरकारी तथा गैरसरकारी स्तरबाट वृहद रुपमा संचालन भईरहेको कार्यक्रम हो । दशौं योजनाको अन्तसम्ममा १३ हजार वालविकास कक्षा संचालन गर्ने सरकारी लक्ष्य रहेकोमा अन्तरिम त्रिवर्षीय योजनाले थप ९००० नयाँ वालविकास कक्षाहरु खोल्ने लक्ष्य राखेको छ । यसैगरी सबैका लागि शिक्षा कार्यक्रमले सन २०१५ सम्ममा ७४ हजार वालविकास कक्षा संचालन गर्ने लक्ष्य राखेको छ । उल्लेखित लक्ष्यप्राप्तिको लागि विभिन्न कार्यक्रम, नीति र रणनीतिको तर्जुमा गरिएको छ । यस्ता लक्ष्यहरु सम्बोधन गर्ने खालका कार्यक्रमहरु तय गरी सरकारी तथा गैरसरकारी संस्थाहरु लागि रहेका छन् । सो कार्यक्रमलाई आगामी दिनमा अझ सशक्त र वृहद रुपमा बढाउँदै लैजाने लक्ष्य रहेको देखिन्छ । प्रारम्भिक वालविकाश कार्यक्रमवाट वालवालिकाको चौतर्फी विकास सुनिश्चित गर्न सरकारी र गैरसरकारी दुबै क्षेत्रवाट लगानी बढाइएको छ । यसको विकासमा लागि अनेकौ प्रवर्द्धनात्मक (Innovative) कार्यहरु भैरहेका छन् । कार्यक्रमहरु कक्षीय तहमा तय हुने गरेका छन् । त्यसैले यस्ता कार्यक्रमहरुको वारेमा आम जनमानसमा संचार प्रभावकारी हुन सकेको छैन । वालशिक्षा कार्यक्रम सहभागि भएका वालवालिकाहरुमा सामाजिकीकरणमा कस्तो प्रभाव परेको छ? वाल विकास शिक्षा हाँसिल गरेका वालवालिकाहरु सामाजिक व्यवहार, विकास र सिकाइमा अपेक्षा अनुकुलको सुधार भए नभएको कुरा अध्ययनको विषय वस्तु वन्नु पर्ने आवश्यकता छ । यस्ता आवश्यकता मध्ये मुख्य गरि बालबालिकाहरुको सामाजिकीकरणमा पारेको प्रभावका वारेमा मात्र यस अध्ययनलाई केन्द्रित गरिएको छ ।

१.३. अध्ययनको औचित्य

शिक्षा विकासको पूर्वाधार तथा दिगो विकासको आधार हो । देशको विकासमा शैक्षिक जागरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । राष्ट्रको शैक्षिक स्तर उकास्न औपचारिक तथा अनौपचारिक शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वालवालिकाको पूर्ण सामाजिक जीवन विकासका लागि प्रारम्भिक वालशिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । हालको परिवेशमा प्रारम्भिक वाल शिक्षाको विकास र विस्तारका लागि सरकारी तथा गैरसरकारी तहबाट प्रशस्त लगानी

गरिएको छ । यति हुँदा हुँदै पनि यस क्षेत्रमा पर्याप्त सामुदायिक सहभागिता जुटाउन नसकिएको, समुदायको आवश्यकता सँग तालमेल गर्न नसकिएको, कार्यक्रमको वास्तविकताको स्पष्ट हुन नसकेको, कार्यक्रमले अपेक्षित प्रतिफल दिई समाजमा भिन्न छाप छोड्न नसकेको गुनासाहरु जनमानसमा रहेका छन् । जे भएपनि वालविकास शिक्षा कार्यक्रम संचालन भएको स्थानमा वालवालिकाहरुमा यस कार्यक्रमले सकारात्मक प्रभाव पारेको छ । कार्यक्रम संचालन भएका स्थानका वालवालिकामा भएको कमी, अभिभावक तथा शिक्षकहरुको कमी कमजोरी कस्ता छन्? उनीहरुले प्रारम्भिक वालविकास शिक्षा हाँसिल गरेपछि आफ्नो सामाजिककीकरणमा कस्तो सहयोग प्राप्त गरेका छन् ? आदि कुराहरुको अध्ययन एक त भएकै छैन भएको पनि ज्यादै न्यून मात्रामा छ र त्यसको वास्तविकता जनमानसमा आउन सकेको छैन । यस्ता कारणहरुको खोजी गरी समस्त अभिभावक, योजनाकार, शिक्षासेवी सरकारी तथा गैरसरकारी संघ संस्थाहरु तथा सबै सरोकारवालाहरुको वीचमा सम्प्रेषण गर्नु पर्ने आवश्यकता महशुस गरी यो अध्ययन केन्द्रित गरिएको छ । प्रस्तुत शोधबाट प्राप्त भएको निष्कर्षले आगामी दिनमा प्रारम्भिक वालविकास सम्बन्धी तय हुने कार्यक्रमका लागि सरोकारवालाहरु शैक्षिक योजनाकार, नीति निर्माता सबैलाई पृष्ठपोषढ प्राप्त गर्न सहयोगी हुन्छ । बालबालिकाहरुको सामाजिकीकरणको प्रभावमा जानकारी राख्न खोज्नेहरुका लागि यो उपयूक्त सामाग्रि हुनेछ र कार्यक्रमको बारेमा सामाजिकीकरण सम्बन्धमा जानकारी प्रवर्धन हुनेछ ।

## १.४ अध्ययनका उद्देश्यहरु :

यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

क) वालविकास कार्यक्रमले वालवालिकाको सिकाईमा पारेको प्रभाव विश्लेषण गर्नु ।

ख) प्रारम्भिक बाल शिक्षाले वालवालिकाको सामाजिकीकरण प्रक्रियामा पारेको प्रभावको लेखाजोखा गर्नु ।

ग) प्रारम्भिक वालशिक्षा प्राप्त र अप्राप्त विद्यार्थीको शैक्षिक उपलब्धिको तुलना गर्नु ।

घ) प्रारम्भिक बालशिक्षा कार्यक्रमको समस्या पहिचान गर्नु ।

ङ) प्रारम्भिक बालशिक्षा कार्यक्रमका समस्या समाधानका उपायहरु सुझाउनु ।

## १.५. अनुसन्धान प्रश्नहरु

यस अध्ययनलाई सारभूत वनाउन निम्न प्रश्नावलीहरू तयार गरिएका छन् :

क) बाल विकास शिक्षा हासिल गरेका र नगरेका वालवालिकाहरुको बिचमा सामाजिक व्यवहारमा के फरक छ ?

ख) बाल विकास शिक्षा हासिल गरेका वालवालिकाहरुको विद्यालयमा भर्ना भएपछिको नियमितता कस्तो छ ?

ग) बाल विकास  शिक्षा हासिल गरेका वालवालिकाहरुको पारिवारिक छरछिमेक, साथीभाई, सहपाठीसँगको सामाजिक व्यवहार कस्तो छ?

घ) उनीहरुको सामाजिक जीवनमा बालविकास कार्यक्रमले कस्तो प्रभाव पारेको छ ?

१.६ अध्ययनको परिसीमा :

हाल नेपाल सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, समुदायमा आधारित संस्थाहरु, स्थानीय क्लब, आदिवाट पनि वालविकास शिक्षाका कार्यक्रमहरु संचालन भएका छन् । हाल आएर वालविकास कार्यक्रमले व्यापक महत्व पाएको छ । आज वालविकास कार्यक्रम देशका सबै क्षेत्रसम्म संचालन हुन सकेको छ । यसको सबै भौगोलिक क्षेत्रमा पहूँच बढेको छ ।

व्यापक परिवेश ओगटेको वालविकास शिक्षा कार्यक्रमको अध्ययन गर्न देशका सबै क्षेत्रमा पुग्न साधन, श्रोत, समय सबै बाट सम्भव नहुने भएको कारणले यसको प्रभाव अध्ययन गर्न मोरङ्ग जिल्लाको विराटनगर-४ स्थित बालबिकास कक्षाहरु संचालित ४ वटा विद्यालय मध्ये पोखरिया उच्च मा.वि., विराटनगरको कक्षा १ मा अध्ययनरत बालविकास कक्षाको अवसरप्राप्त १५ जना र अप्रांप्त १५ जना बालबालिकाहरुको सामाजिकीकरणको अध्ययन गरिएको छ ।

क) यस अध्ययनले छनौटमा परेका वालविकास बाहेक अन्य स्थानमा संचालित वालविकास कक्षाका वालवालिकाहरुको सामाजिकीकरणको अवस्था र प्रभावलाई प्रतिनिधित्व नगर्न सक्दछ ।

ख) कुल जनसंख्याको २५% मात्र जनसंख्या समेटेको छ ।

ग) मोरङ्ग जिल्लाको सीमित वालविकास कक्षामा गरिएको यस अध्ययनबाट प्राप्त नतिजा सबै क्षेत्रमा उत्तिकै विश्वासनीय आधारमा सामान्यीकरण (Generalization) नहुन सक्छ ।

घ) यो अध्ययन सीमित स्रोत, साधन, समय र प्रयासमा सम्पन्न गरिएको हुँदा सम्पूर्ण क्षेत्रलाई समेट्न सकिएको छैन ।

ङ) तथ्याङ्क संकलन गर्दा गुणात्मक (Qualitative) पक्षलाई बढी समेट्ने प्रयास गरिएको छ ।

च) दिनहुँ भईरहेको वैज्ञानिक प्रगतिका तुलनामा यो अध्ययनको नतिजा आगामी दिनमा समय सापेक्ष नहुन सक्छ ।

१.७ पारिभाषिक शब्दावलीहरु

क) पूर्व प्राथमिक विद्यालय : ४ वर्ष उमेर पूरा गरेका बालवालिकाहरुलाई १ वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय ।

ख) शिक्षा ऐन, नियावली : राष्ट्रको शिक्षा क्षेत्रलाई निश्चित मार्ग दर्शन गर्ने शैक्षिक कानून ।

ग) जिल्ला शिक्षा कार्यालय :- राष्ट्रिय शैक्षिक नीति र कार्यक्रमलाई जिल्ला स्तरमा कार्यान्वयन गर्ने सरकारी निकाय ।

घ) शिक्षक : विद्यालयमा बालबालिकाहरुलाई शिक्षण गर्न जिम्मेवारी प्राप्त व्यक्ति ।

ङ) समुदाय : बालविकास कक्षा संचालन भएको स्थानमा बाल विकास कक्षाको समुचित व्यवस्थापनमा सहयोग पुऱ्याउने  स्थानीय समाज ।

च) प्राथमिक शिक्षा : कक्षा १ देखि ५ सम्म दिइने शिक्षा ।

छ) तालिम : बालविकास कक्षामा सहयोगी कार्यकर्ताको जिम्मेवारी प्राप्त व्यक्तिलाई वालविकास कक्षा संचालन सम्बन्धी दिइने आधारभूत तालिम ।

ज) अभिभावक : विद्यालय/वालविकास कक्षामा अध्ययनरत विद्यार्थी/बालबालिकाको संरक्षक व्यक्ति ।

झ) विद्यालयमा आधारित बालविकास कक्षा :- विद्यालयले व्यवस्थापन गरी संचालन गरेको बालविकास कक्षा ।

ञ) अवसर प्राप्त वालवालिका : बालविकास केन्द्रमा अध्ययन गर्ने अवसर पाएर कक्षा एकमा भर्ना भएका वालवालिका ।

ट) अवसर अप्राप्त वालवालिका : बालविकास केन्द्रमा अध्ययन गर्ने अवसर नपाइ सिधै कक्षा एकमा भर्ना भएका वालवालिका ।

# परिच्छेद दुईः- सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

बालविकास कार्यक्रमको वर्तमान अवस्था बारेमा अध्ययन अन्तर्गत सम्बन्धित हुदै धेरै शिक्षाविद अध्ययनकर्ता तथा संघ संस्थाले भने अध्ययन गरेका छन् । यसै सन्दर्भमा रुसो पेस्तालोजी जोनडिवे, फ्रेडरिक फ्रोवेल, मेरिया मन्टेश्वरी, जिन पियाजे जस्ता दार्शनिक तथा शिक्षाविदहरुको योगदान महत्वपूर्ण रहेको छ ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

सेरीडले आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गत सञ्चालित शिशु कक्षाहरुको सुधार गर्ने उद्देश्यले ५ वटै विकासक्षेत्रलाई समेटेर झापा, चितवन, बाँके, सुर्खेत, डडेल्धुरा र कैलाली जिल्लाहरुलाई नमुना छनौट गरी शिशुकक्षा कार्यक्रमको प्रभावकारिताको अध्ययन गरेका रहेछ । उक्त अध्ययनले शिशु कक्षा पढेर प्रा.वि. तहमा पढ्नेको औषत उपलब्धी १५% ले बढी भएको निष्कर्ष निकालेको छ । सोही अध्ययनले पढ्ने लेख्ने सीपको विकास गर्नु अनुसन्धान निर्माण गर्ने, साथी बनाउने, समग्रमा गुणस्तरीय शिक्षाको आधार निर्माण गर्न शिशुकक्षा महत्वपूर्ण भएको पुष्टि गरेको छ (सेरीड, २०५५) ।

श्रेष्ठले आफ्नो शोधपत्रमा प्रारम्भिक क्रियाकलापमा सहभागी भएका र नभएका बालबालिकाहरुको विद्यालय क्रियाकलापमा कस्तो प्रभाव परेको रहेछ भन्ने सम्बन्धमा तुलनात्मक अध्ययन गर्नु भएको छ । उहाँको अध्ययन विशेष ज्ञानात्मक पक्षको प्राप्तिसँग सम्बन्धित छ । उक्त अध्ययनको लागि सिन्धुपाल्चोक, धादिङ, रसुवा र काठमाण्डौ जिल्लालाई अध्ययन क्षेत्र बनाउनु भएको रहेछ । अध्ययनको क्रममा अवलोकन र लक्षित समूहक छलफललाई सूचना संकलन गरी प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी नभएका बालबालिकाको तुलनामा सहभागी भएर प्राथमिक तहमा आउने बालबालिकाहरुको ज्ञानात्मक क्षमता तुलनात्मक रुपमा बढी भएको र उपलब्धी स्तर पनि बढी नै भएको देखाइएको छ ( श्रेष्ठ, २०५८) ।

मल्ल र साथीहरुले आफ्नो ग्रन्थमा प्रारम्भिक बाल्यावस्था भनेको मावन वृद्धि र विकासको त्यो अवस्था हो । यो अवस्था बालबालिकामा विकासको महत्व र आवश्यकता किन पर्दछ कस्तो खालको शिक्षा र स्याहार उपयुक्त हुन्छ भन्ने कुरालाई प्रष्ट पार्दै प्रारम्भिक

वाल्यावस्था विकासलाई परिचित गराउनु भएको छ । यसैगरी बालविकासका पक्षहरु के के हुन् ? सो अवस्थामा विकासका लागि बालबालिकालाई के कस्ता क्रियाकलापमा संलग्न गराउनुपर्दछ भन्ने सैद्धान्तिक अवधारणाहरु प्रस्तुत गर्नु भएको छ । तसर्थ यस्ता बालबालिकाहरुमा सामाजिक, बौद्धिक, शारीरिक, भाषिक वा सुसारे तथा राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाहरुले के कस्तो भुमिका निर्वाह गर्नुपर्छ भन्ने कुरालाई प्रष्ट पार्नु भएको छ । यसैगरी शिक्षण विधिमा भौतिक व्यवस्थापन अन्तर्गत वन फर्निचर, खेलमैदान, बगैंचाको उचित व्यवस्थापन गर्नुपर्ने कुरा उल्लेख गर्नुभएको छ । यसैगरी शिक्षण विधिमा भैातिक व्यवस्थापन गर्नुपर्ने कुरा उल्लेख गर्नुभएको छ  भने सामग्रीको रुपमा समग्र रुपमा इन्द्रिय प्रशिक्षण सम्बन्धी कम मूल्यका श्रव्य दृश्य सामग्रीको प्रयोग गर्नुपर्ने तथा बाल केन्द्रित क्रियाकलाप उन्मुख समस्या समाधान व्यक्ति केन्द्रित शिक्षण र कथा कथन विधिको प्रयोग गरी बालबालिकाहरुको चौतर्फी विकासमा सहयोग पुऱ्याउन सकिने कुरा उल्लेख गर्नु भएको छ (मल्ल र साथीहरु, २०५४) ।

सापकोटाले आफ्नो शोधपत्रमा चितवन जिल्लाको भरतपुर नगरपालिकालाई अध्ययन क्षेत्र बनाई प्रारम्भिक बाल शिक्षाको प्रयोग सम्बन्धी अध्ययन गर्नुभएको छ । वहाँले ४ वटा सामुदायिक विद्यालयसँगै सञ्चालित नर्सरी, के.जी. र शिशु कक्षाहरुको शिक्षण सिकाई क्रियाकलापका बारेमा अन्तरवार्ताको माध्यमकबाट तथ्याङ्क संकलन गर्नुभएको रहेको छ । उहाँले बालशिक्षाको भौतिक सुविधा, खेलमैदान, बगैंचा खेल सामग्री, शिक्षण सामग्री पर्याप्त नभएको । साथै सम्पूर्ण गतिविधी कक्षाकोठा भित्र सीमित गरिएको पाइयो । उहाँले बाल शिक्षा सम्बन्धि केही प्रचलित चिन्तनहरु मिसाउदै संस्थाको व्यवस्थापकीय एवं कार्य सम्पादकीय अवस्थाको तुलनात्मक विश्लेषणमा जोड दिदै सामर्थ्य, कमजोरी, अवसर र चुनौतिहरुलाई निष्कर्षको रुपमा प्रस्तुत गर्नुका साथै सिद्धान्त र प्रयोग पक्ष परिमाणात्मक विकास आश लाग्दो भएको निष्कर्ष निकाल्नु भएको छ (सापकोटा, २०६०) ।

खनालले आफ्नो शोधपत्रमा प्रारम्भिक बालविकास र पाठ्यक्रम कार्यान्वयन सम्बन्धि अध्ययन गर्नु भएको छ । उहाँले तेह्रथुम जिल्लाका १० वटा वाल विकास कक्षालाई नमूना छनोट गरी पाठ्यक्रमको कार्यान्वयनको अवस्था अध्ययन गर्दा पुस्तक मुखी शिक्षण सिकाई भई उद्देश्य अनुरुप पाठ्यक्रम कार्यान्वयन हुन नसकी रहेको भएपनि बालबालिकाहरुको विकासमा

भने बालविकास कार्यक्रमले सकारात्मक प्रभाव पारेको निष्कर्ष निकाल्नु भएको छ (खनाल, २०६१) ।

शिक्षा नियमावलीमा कुनै संस्थाले शिशु विकास कक्षा स्थापना गर्न चाहेमा स्वीकृतिको लागि सम्बन्धत गाउँ विकास समिति वा नगरपालिकाले स्वीकृति दिनेछ । शिशु विकास कक्षा स्थापना गर्न चाहिने पूर्वाधारहरु फराकिलो, खुला शान्त, सुरक्षित भवन भएको, बाल उद्यान तथा सफा र स्वच्छ खानेपानी र शौचालयको व्यवस्था भएको, कम्तीमा दुई जना सुसारेहरु भएको हुनुपर्दछ । आवश्यक प्रक्रिया कागजी रुपमा मात्र पुऱ्याउने वाल विकासको स्वीकृत रद्द गर्न सकिन्छ । शिशु विकास कक्षामा पाठ्यक्रम विकास कक्षाबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्छ । यस्ता शिशु कक्षालाई जिल्ला शिक्षा अधिकारको सिफारिसको आधारमा अनुदान दिन सकिन्छ । यी सबै कुराहरु शिक्षा नियमावली (२०५९) को परिच्छेद १२ मा उल्लेख भएको छ (नेपाल सरकार, २०५९) ।

पौड्यालले तयार पार्नुभएको शोधपत्रमा प्रारम्भिक बालिकास कार्यक्रमको प्रभावकारिता भित्र बालबालिकाहरुको सिकाई उपलब्धिको विश्लेषण, उपस्थिति, सिकार्यको तुलना आदिको विश्लेषण गरिएको छ । स्रोत र साधान तथा व्यवस्थापकीय पक्षको बारेमा उक्त शोधपत्र मौन छन् । उक्त रिक्ततालाई पूरा गर्न यो शोधपत्रमा बाल विकास कक्षाको प्रभावकारी सञ्चालनमा देखिएका समस्याहरुको पहिचान गरी सुझाव प्रस्तुत गर्ने जमर्को गरिएको छ (पौड्याल, २०६६)

आचार्यले शोध शीर्षक मोरङ्ग जिल्ला भित्र पर्ने ईन्द्रपुर स्रोत कक्षा भित्र संचालित बालविकास कक्षाले शिक्षण सिकाईमा पारेको प्रभावको बारेमा विश्लेषण गरिएको छ । बाल विकास कक्षाको अवसर नपाई सिधै विद्यालयमा भर्ना भएका बालबालिकाहरुको शैक्षिक उपलब्धी भन्दा बाल विकास कक्षा अवसर प्राप्त गरी कक्षा एकमा भर्ना भएका बालबालिकाहरुको शैक्षिक उपलब्धी उच्च रहेको विद्यालयमा नियमितमा उच्च रहेको, अतिरिक्त क्रियाकलापमा बढी सहभागिता हुने कुरा अध्ययनको मुख्य प्राप्ति रहेको छ (आचार्य २०६६)।

## २.२ सैद्धान्तिक खाका

बालविकासलाई उजागर गर्ने विभिन्न सिद्धान्तहरु रहेका छन् ती मध्ये प्रस्तुत शोध निम्न सिद्धान्तमा आधारित रहेको छ ।

दार्शनिक रुसो (१७२८) का अनुसार पहिलो ५ वर्षको उमेरमा शिशुहरुलाई किताबी ज्ञानले उनीहरुको स्वच्छ विचारलाई दुषित पार्दछ । यस कार्य बाल विकासको लागि सहायक हुने खालेको क्रियाकलापहरुमा लगाउनु पर्दछ । यस उमेरमा बालबालिकाहरुमा ठीक र बेठीकको अवधारणाको विकास भएको हुँदैन । त्यसकारण गल्ती गऱ्यो भने बालबालिकाहरुलाई पिटेर वा गाली गरेर सजाय दिनु हुँदैन । रुसोले यस उमेरका बालबालिकाहरुको लागि शारीरिक विकासमा अत्याधिक जोड दिएको पाइन्छ कमजोर वा निर्वल बालबालिकाहरुलाई बलियो र सशक्त बनायो भने ऊ असल हुन्छ । त्यसैले यस उमेरका बालबालिकाहरुको शारीरिक तन्तुरुस्तीको लागि प्रशस्त अभ्यास गराई राख्नुपर्छ । ५ बर्ष मुनिका बालबालिकाहरुलाई सिकाउन शिक्षकले शिशुलाई माया गर्ने, स्वतन्त्रपूर्वक सिक्ने कार्यमा सहयोग गर्ने, किताबी ज्ञान नदिने, प्राकृतिक वातावरणमा शिक्षा दिने, ज्ञानेन्द्रियहरुको स्वभाविक विकास गराउने, कुट्ने, पिट्ने, गाली गर्ने, सजाय नदिने, अवलोकन तथा क्रियाकलापका माध्यमबाट सिक्न लगाउने लेख्ने कुरालाई जोड दिएको पाईन्छ (शर्मा २०६४ बाट उद्धृत)

फ्रोवेल (१८२७) का विचारमा बालबालिकाहरुको शिक्षा शैशव अवस्थामा नै शुरु हुनुपर्दछ । जसका कारण विद्यालय प्रवेश गर्ने बेलामा राम्रो विद्यार्थीको रुपमा प्रवेश गर्न सकोस् । उनको भनाइमा आत्म अनुभूति आदि कुराहरु समाजमा रहेर सामाजिकीकरण प्रक्रियाबाट सिक्ने कुरा हुन बालबालिकाहरुको पूर्ण विकासका लागि घर परिवार, स्कूल, धार्मिक संस्था र राज्इको आवश्यकता पर्दछ । कुनै पनि बालबालिकाको शिक्षा एक्कै पूर्ण हुँदैन, तिनीहरुका लागि बालबालिकाहरुसँग पनि घुलमिल हुनुपर्दछ । शिक्षा भन्नु नै आत्म क्रियाकलापद्वारा गरेर सिक्ने हो । फ्रोवेलको किण्डर गार्डन पद्धति पनि गरेर सिक्ने र सिकाउने सिद्धान्तमा आधारित छ । यसबाट बालबालिकामा अन्तर्निहित शरिरको चाल, हाउभाउ, खेल, गीत रंगहरुको प्रयोग कथाकथन आदि । यसरी विद्यालयमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने फ्रोवेलले सातवटा उपहारको व्यवस्था गरे । यी सात उपहारहरु नै उनको शिक्षाका साधन हुन् । यी साधनहरुको प्रयोग हातबाट छौएर, हेरेर, देखेर र मनले बुझ्रेर आकार, प्रकृति, सतह संख्या आदिको धारणा सिकाउन प्रयोग गरिन्छ । फ्रोबेलका अनुसार बालबालिकाहरुमा अन्तरनिहित र नैसर्गिक मानवीय गुणहरुको स्वच्छन्द पूर्वक विकास गर्नु शिक्षाको मुख्य उद्देश्य हो । अर्को शब्दमा बालबालिकाहरुमा अवगुण हटाई जीवनउपयोगी र समाज उपयोग कार्यकलापमा संलग्न गराइ

नैसर्गिक व्यक्तित्वको विकास गर्नु नै विकासको लागि कुनै निश्चित पाठ्यक्रम तर्जुमा गरेका छैनन् । बालकको विद्यालयमा किताबलाई कुनै स्थान दिएको छैन । उनको पाठ्यक्रममा बालबालिकाहरु बाल क्रियाकलापहरु र खेललाई नै प्रमुख स्थान दिइएको छ । उक्त पाठ्यक्रम बालकेन्द्रित छ (जोशी, २०५४ वाट उद्धृत)

मण्टेश्वरी (१९०७) को विचार अनुसार शिक्षा भन्नु विकास हो विकास बालबालिकाहरुको मन भित्रबाट आउनुपर्दछ । बालबालिकाहरुको जन्मजात गुणहरुलाई पूर्णरुप दिनु नै शिक्षा हो । बालबालिका जन्मिएको बेला उनीहरुको आन्तरिक स्वरुप स्वतन्त्र वातावरणमा मात्र प्रस्फुटन हुन सक्छ । त्यसकारण बालबालिकाहरुका लागि स्वतन्त्रता अपरिहार्य हुन्छ । यस कारण मण्टेश्वरीको विचारमा स्वतन्त्रता बालबालिकाहरुको मौलिक अधिकार हो र सोही वातावरणमा मात्र बालबालिकाहरु आत्मनिर्भर हुने कोशिस गर्दछन् । प्रत्येक व्यक्तिको आफ्नै विशेषताहरु हुन्छन् । जसको व्यक्तित्व एक अर्कोसँग उसको व्यक्तित्वलाई लत्याउनु हुँदैन । उनीहरुको ईच्छा अनुसार स्वतन्त्रतापूर्वक विकास गर्ने मौका दिएमा उनीहरुले आफ्ना अन्तरनिहित गुणहरु आफ्नै ढंगले प्रदर्शन गर्दछन् । त्यसकारण शिक्षकले प्रत्येक बालबालिकाहरुको सर्वपक्षबारे अत्यन्त गम्भीरतापूर्वक अवलोकन गरी उनीहरुका नैसर्गिक गुणहरु स्वतन्त्रतापूर्वक विकास गर्न उपयुक्त वातावरण तयार गर्नुपर्छ । यदि शिक्षकले बालबालिकाको सिकाईलाई प्रभाव पार्ने गरी दवाव दिइरहेमा उनीहरुले सिक्न सक्दैनन् । त्यसैले स्व शिक्षा सर्वोत्तम विधि हो । जसबाट बालबालिकाहरु आफ्नो क्षमता अनुसार आफ्नै ढंगले सिक्दछन् । मण्टेश्वरीले मांशपेशीको तालिमलाई प्रारम्भिक बाल शिक्षाको महत्वपूर्ण अंगको रुपमा लिएका छन् । शरिरका विभिन्न अंगहरुको मांशपेशीलाई अभ्यास गराई राख्नुपर्दछ । यसो गर्नाले मांशपेशीहरु मजबुत हुन्छ । जसको फलस्वरुप हिड्ने दगुर्ने, लेख्ने जस्ता क्रियाकलापहरुमा सन्तुलन आउँछ । ज्ञानेन्द्रियहरु ज्ञानका प्रवेशद्वार हुन् । त्यसैले शैक्षिक प्रक्रियामा ज्ञानेन्द्रियहरुको महत्वपूर्ण भुमिका हुन्छ । सानै उमेरदेखि ज्ञानेन्द्रियहरुले उपयुक्त तालिम पापएमा सिक्ने कार्य सहज, सरल र बलियो हुन्छ । ज्ञानेन्द्रियको अभ्यासले तर्कपूर्ण चिन्तन र युक्तिपूर्ण निर्णय दिन सक्ने हुन्छन् यसकारण सानै उमेरदेखि ज्ञानेन्द्रियको तालिम नितान्त आवश्यक छ । मण्टेश्वरीले प्रारम्भिक बाल शिक्षालाई बाल गृहको रुपमा लिएकी छिन् । बालगृहमा घरकै वातावरणको संरचना गरिएको हुन्छ । मण्टेश्वरी स्कुलका भवनहरुमा काम

गर्ने कोठा, भान्साकोठा, स्नानकोठा, स्नान कक्ष, चर्पी, सुन्तेकोठा, फूलवारी खेल मैदानको व्यवस्थ गरिएको हुन्छ । दिशा पिसाब, नुवाई धुवाई, सरसफाइ, बगैंचाको हेरविचार आदि सबै काम बाल समूहले नै गर्दछन् । सहयोगी उपकरणहरु खेलाएर बालबालिकाहरु आफै सिक्छन् । उनीहरु आ-आफ्ना रुचि अनुसार कुनै न कुनै क्रियाकलापमा संलग्न हुन्छन् । स्वतन्त्र वातावरणमा बालबालिकाहरुको व्यक्तिवादी भावनाको विकास गर्नु मण्टेश्वरी शिक्षाको उद्देश्य हो । (शर्मा, २०६४ वाट उद्धृत) ।

## २.३ पुनरावलोकनको उपादेयता

प्रारम्भिक बालविकासमा महत्वपूर्ण योगदान दिने शिक्षाविदहरु रुसो, फ्रोबेल, मण्टेश्वरीको विचारले यस शोध कार्यलाई निकर्शमा पुर्‍याउन सहयोग गरेको छ । प्रारम्भिक बालविकास कक्षाहरु खोल्नुको सैद्धान्तिक अवधारणा यसले प्रष्ट्याएको छ । उक्त दार्शनिक मान्यता तथा सिद्धान्त अनुसार हाम्रा बालविकास कक्षाहरु सञ्चालित छन् वा छैनन् र तिनबाट शिक्षा हासिल गरेका बालबालिकहरुको सामाजिकीकरणमा कस्तो प्रभाव परेको छ भनी खोज अनुसन्धान गर्नु आजको ज्वलन्त आवयश्यकता हो । सम्बन्धित साहित्यहरुको पुनरावलोकनबाट यस सम्बन्धी भएका खोज अनुसन्धानहरु आएका प्राप्तिले यस शोधकार्यलाई थप मद्दत पुगेको छ । खासगरी यस अध्ययनले सैद्धान्तिक खाका निर्माण, शोधको खाका कोर्न मद्दत पुगेको छ । यसका साथै यस अध्ययनले विद्यमान ज्ञानको भण्डार वृद्धि गर्नृ मद्दत पुऱ्याएको छ । पूर्व शोधकार्यहरु प्रारम्भिक बालविकास कक्षाको शैक्षिक उपलब्धीहरुको तुलनात्मक अध्ययन र यसले सामाजिकीकरणमा पारेको प्रभावका सम्बन्धमा कक्षीत छ । तसर्थ यस अध्ययनलाई बालविकास कक्षाको भौतिक अवस्था, सामाजिकीकरणमा देखिएका समस्या समाधानका उपायहरुमा कक्षीत गरिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनका कक्षा १ मा भएका बालबालिकाहरुको विद्यालयमा नियमितता बालविकास कक्षामा भएका बालबालिकाहरुको कक्षामा नियमितता, निरन्तरता, कार्यशैली, कार्यक्षमता प्रदर्शन, बानीव्यवहार र व्यवहारमा आएको परिवर्तन र प्रारम्भिक बालशिक्षाको अवसर नपाइ विद्यालय प्रवेश गरेका बालबालिकाहरुको सिकाइ क्षमता तथा सामाजिक व्यवहारको तुलनात्मक अध्ययन गरीएको छ। प्राप्त सूचना तथा जानकारीहरुको विश्लेषण एवं प्रस्तुतीकरण मिश्रित वणनात्मक, विश्लेषणत्मक अनुसन्धान पद्धतिमा आधारित छ।

## ३.२. जनसंख्या

विराटनगर उ.म.न.पा. को वडा नं. ४ मा अवस्थित ४ बालबिकास कक्षा संचालित ४ वटा विद्यालयहरु मध्ये पोखरिया उच्च मा.वि. विराटनगरलाई नमूना जनसंख्याको रुपमा लिई अध्ययन गरिएको छ।

अनुसन्धानका लागि छनोट गरिएको नमूना जनसंख्या विद्यालयका प्राथमिक तहमा शिक्षकहरु, सो विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पदाधिकारीहरु, अभिभावक, विद्यालय निरिक्षक, स्रोतव्यक्ति तथा शिक्षकहरु र विद्यालयमा उपलब्ध तथ्याङ्क तथा अभिलेखहरूलाइ जनसंख्याको प्राथमिक स्रोतको रुपमा लिइएको छ।

यस शोधकार्यमा बालबालिकाहरुको सिकाईमा प्रारम्भिक बाल शिक्षाले पारेको प्रभाव तथा उनीहरुको सामाजिक व्यवहारमा आएको परिवर्तनको एकीन गर्नुपर्ने भएकोले बालविकास कक्षाहरु बाट अध्ययन गरी कक्षा १ मा आएका १५ जना अवसर प्राप्त नगरी सिधै कक्षा १ मा आएका १५ जना बालबालिकाहरुको सामाजिकीकरण सम्बन्धी तुलनात्मक अध्ययन गरिएको छ।

## ३.३.	नमूनाको आकार र नमूना छनौट विधि

जनसंख्याको फराकिलो क्षेत्र लिएर प्रशस्त समय, स्रोत, साधन र सामर्थ्य प्रयोग गरी अनुसन्धान गर्न र समस्याको समाधान खोज्न स्वयं पनि एउटा सामान्य शोधकर्ताका लागि सजिलो रहनेछ। अध्ययनका लागि निर्धारण गरिएको पूरै जनसंख्याको प्रत्यक्ष सम्पर्क गरी अनुभव संकलन गर्नु एक चुनौति नै हुँदो रहेछ। तसर्थ अध्ययनको विषयलाई लक्षित गरी निर्धारित जनसंख्याबाट प्रतिनिधिमुलक नमूना छनौट गर्दा अध्ययनमा सहजता प्राप्त हुँदो रहेछ र यो अध्ययन पनि यसै गरी गरिएको छ। यस अध्ययनलाई सारभूत रुपमा निष्कर्षमा पुऱ्याउन जनसंख्या क्षेत्रका अनुभवी तथा समस्या संग परिचित र स्पष्ट प्रतिक्रिया दिनसक्ने क्षमतावान् सरोकारवालाहरु लाई लिइएको छ।

अनुसन्धान पद्धतिमा जनसंख्याको फराकिलो क्षेत्र छनौट गरी पर्याप्त समय, स्रोत साधन प्रयोग गरी समस्याको विकल्प खोज्नु त्यति सजिलो छैन, निर्धारित पूरै जनसंख्याको प्रत्यक्ष सम्पर्क गर्न र अनुभव लिनु  एक प्रकारको चुनौति नै हो। निर्धारित जनसंख्या बाट प्रतिनिधिमुलक नमूना छनौट गरी समस्याको अध्ययन प्रक्रियामा सरलता आउने कुरा मनन गर्दै सबै जनसंख्या भित्रको प्रतिनिधिमूलक मिश्रित नमूना छनौट विधी प्रयोग गरी अध्ययन गरिएको छ। गर्दा विशेष गरी जनसंख्या भित्रका अनुभवी एवं समस्या संग परिचीत तथा स्पष्ट जवाफ दिन सक्ने क्षमतावान सरोकारवालाहरुलाई लिइएको छ। प्रतिनिधिमूलक व्यक्तित्वहरुबाट अध्ययनको विषयलाई सहयोग पुग्ने किसिमबाट उद्देश्यमूलक नमूना छनौट विधि प्रयोग गरिएको छ।

छनौट गरिएको प्रतिनिधिमुलक नमूना निम्नानुसार छ :

तालिका १

| क.सं. | बालबालिको नाम | अभिभावकको नाम | अवसर प्राप्त | अवसर अप्राप्त |
|---|---|---|---|---|
| १. | आशिक राजवंशी | कुमार राजवंशी | प्राप्त | |
| २. | नेहा कुमारी चौधरी | श्याम चौधरी | प्राप्त | |
| ३. | मनिका मण्डल | राजकुमार मण्डल | प्राप्त | |
| ४ | समिक्षा कामत | डोमी कामत | प्राप्त | |
| ५. | सवनम खातुन | सजामुल खातुन | प्राप्त | |
| ६. | दुर्गा कामत | शिवा कामत | प्राप्त | |
| ७. | अभिषेक यादव | शुशली यादव | प्रांप्त | |
| ८. | दुखान यादव | भुपेन यादव | प्राप्त | |
| ९. | गोमा पोखरेल | चुडा प्रसाद | प्राप्त | |
| १० | एलिसा थन्दार | अमोद कुमार थन्दार | प्राप्त | |
| ११. | लिलामणी निरौला | मन प्रसाद निरौला | प्राप्त | |
| १२ | राजेन्द्र साह | झागेन्द्र साह | प्राप्त | |
| १३. | निकिता विक | लोक बहादुर | प्राप्त | |
| १४. | सुष्मिता भुजेल | जमुना भुजेल | प्राप्त | |
| १५. | अमित बहादुर भुजेल | जमुना भुजेल | प्राप्त | |

| | | | | |
|---|---|---|---|---|
| १६. | निलम कामत | राजेन्द्र कामत | | अप्राप्त |
| १७. | विकास मण्डल | मंगला मण्डल | | अप्राप्त |
| १८. | दुर्गा कुमारी मण्डल | सुरेश मण्डल | | अप्राप्त |
| १९ | सकिला खातुन | मरतुज हुसेन | | अप्राप्त |
| २०. | सिला भट्टराइ | राजकुमार भट्टराई | | अप्राप्त |
| २१ | रविना खातुन | मरतुज हुसेन | | अप्राप्त |
| २२. | मनिका रिमाल | मधु रिमाल | | अप्राप्त |
| २३. | प्रथमकुमार कामत | विजय कामत | | अप्राप्त |
| २४. | पविनलाल चौधरी | नन्द चौधरी | | अप्राप्त |
| २५. | अंकित चौधरी | कृष्ण कामत | | अप्राप्त |
| २६. | खुशी मण्डल | अमर मण्डल | | अप्राप्त |
| २७. | पुष्पा दुधराज | दिपक दुधराज | | अप्राप्त |
| २८. | दुखराम चौधरी | दर्शनलाल चौधरी | | अप्राप्त |
| २९. | मधु कुमारी सरदार | मुनर | | अप्राप्त |
| ३० | आरती विक | लाल बहादुर | | अप्राप्त |

*स्रोत: विद्यार्थी भर्ना अभिलेख, २०६८*

३.४ नमूना छनौटको आधार

अनुसन्धान कार्यलाई पूर्ण बनाउन निम्न आधारमा नमूना छनौट गरिएको छ ।

क) शोधकर्ताको पहुँचमा सहजता भएकोले ।

ख) बालबिकासको अवसर प्राप्त र अप्राप्त दुवै बालबालिका एउटै कक्षामा उपलब्ध भएकोले ।

ग) अध्ययनकर्ताको कार्य क्षेत्र सँग मिल्दो जुल्दो विषय भएकोले ।

३.५ तथ्याङ्कका साधनहरुः

अध्ययनलाई पूर्ण र तथ्यपुरक बनाउन तथ्याङकहरुको विभिन्न माध्यमबाट आवश्यक सूचना संकलन गरिएको छ । लक्षित समूह छलफल (FGD), प्रश्नावली, छलफल, अन्तरक्रिया, व्यवहार अवलोकन जस्ता साधनहरुको प्रयोग गरि निस्कर्ष प्राप्त भएको छ । प्रयोग भएका साधनहरु अनुसूचीमा उल्लेख गरिएको छ ।

३.६ तथ्याङ्कका स्रोतहरु

यस अध्यन कार्यलाई पूर्ण बनाउन तथ्याङ्कको आवश्यकता र श्रोतलाई उच्च प्राथमिकता दिईएको छ । मुख्यतया यस अध्ययनकार्यमा निम्न स्रोतबाट तथ्याङक प्राप्त गरिएको छ ।

३.६.१ प्राथमिक स्रोतः

छनौट भएको अध्ययन क्षेत्रमा संलग्न भई अध्ययनको नमूनामा परेका बालबालिकाहरु शिक्षक, अभिभावक, प्रधानाध्यापक सँग प्रत्यक्ष सम्पर्क गरी अन्तवार्ता, कक्षा अवलोकन, बालबालिकाहरुको वैयक्तिक अध्ययन आदिबाट प्राथमिक स्रोतका तथ्याङक उपयोग गरिएको छ । प्रत्यक्ष सम्पर्कबाट संकलित भएका प्राथमिक स्रोतका सूचनाहरु नै अध्ययनको मुख्य स्रोतका रुपमा लिइएको छ ।

३.६.२. द्वितीय स्रोतः

अनुसन्धानमा प्राथमिक स्रोतबाट प्राप्त सूचना मात्र पर्याप्त नहुने हुँदां अनुसन्धानका विषय संग मेलखाने विमिन्न रचनाहरु, प्रतिवेदन, कार्यक्रम निर्देशिका, शिक्षा ऐन तथा नियमावली स्थानीीय स्वायत्त शासन ऐन, नियमावली, आवश्यक राष्ट्रिय योजनाहरु

बालविकाससंग सम्बन्धित विभिन्न संघसंस्था र प्रकाशनहरु आदि द्वितीय स्रोतका रुपमा प्रयोग गरिएको छ ।

३.७. तथ्याङ्कको संकलन प्रक्रिया

विद्यालयको स्थलगत अबलोकन गरी तथ्याङ्क संकलन गरिएको छ । आवश्यकता अनुसार सरोकारवालाहरु सँग विभिन्न प्रश्नावली तथा छलफल, अन्तक्रियाको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । विद्यालयमा भएका सम्बन्धित अभिलेखहरुबाट समेत तथ्याङ्क प्राप्त भएको छ ।

३.८ तथ्याङ्क विष्लेषण प्रक्रिया

प्राप्त तथ्याङ्कको विश्लेषण गर्ने क्रममा संकलित सूचनाहरुको तालिकीकरण गरी गणात्मक तथा व्याख्यात्मक दुबैं प्रक्रियाबाट व्याख्या र विश्लेषण गरिएको छ । यसबाट संकलित भएका कतिपय अस्पष्ट सूचनाहरु प्रशोधत गरी स्पष्ट, अर्थपूर्ण र व्यवस्थित बनाइएको छ । यो अध्ययन गुणात्मक र संख्यात्मक दुबै किसिमबाट अघि बढेको हुदां अध्ययनकर्ताको आफ्नो विषय तथा प्राप्त सूचना र स्वरुपका आधारमा विश्लेषण गरिएको छ । तथ्याङ्क संकलनको गुणात्मक तरीका अनुसार कोरा (raw) तथ्याङ्कलाई प्रशोधन गरी स्पष्ट बनाइएको छ । प्राप्त भएका सूचनाहरुलाई तालिकीकरण, ग्राफचार्ट, प्रतिशत, अनुपात जस्ता विधीहरु प्रयोग गरी प्रस्ट गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

नेपालमा प्रारम्भिक बालविकास/बालशिक्षाका दुरदृष्टिलाई वास्तविकतामा परिणत गर्नका लागि अपनाइएका विभिन्न कार्यक्रमहरूबाट भएका उपलब्धिका आधारमा यस अनुसन्धानको निष्कर्षका लागि उपलब्ध तथ्याङ्कहरूको व्याख्या गरिएको छ। उपलब्ध श्रोत र साधनको अधिक्तम उपयोगका लागि सबै तहमा सबै सरोकारवालाहरूसंग समन्वय र सहयोगमा प्रभावकारी साझेदारीमा आधारीत भै तथ्याङ्कहरूको संकलन गरिएको हुँदा सोही अनुसार प्रस्तुति र विश्लेषण गरिएको छ। बालविकास कार्यक्रमले समूदायमा विभिन्न कार्यक्रमहरूसाझेदारीमा संचालन गरी उपलब्धिमूलक भएको पाइयो। स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कका आधारमा तयार गरिएका निम्न तालिका तथा चित्रहरू द्वारा व्याख्या र विश्लेषण गरिएको छ :

## ४.१. बालबिकास कक्षाको अनुभवबाट सिकाईमा पारेको प्रभाव


तालिका २ : सिकाई क्षमताको तुलानात्मक अध्ययन

| सि.नं. | विषय | अबसर प्राप्त बालबालिकाको | | अबसर अप्राप्त बालबालिकाको | |
|---|---|---|---|---|---|
| | | औसत प्राप्ताङ्क | प्रतिशत | औसत प्राप्ताङ्क | प्रतिशत |
| १. | नेपाली | ७५ | २५ | ६० | ३० |
| २. | गणित | ६० | ६६ | ५४ | ३६ |
| ३. | अंग्रेजी | ५९ | ७५ | ५२ | ४८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक | ६० | ५६ | ४० | ३५ |
| ५. | सामाजिक, सृजनात्मक अभिव्यक्ति | ८० | ७० | ५२ | ४८ |
| ६. | इच्छाधीन | ७५ | ६५ | ५० | ३६ |

*स्रोत: नतिजा अभिलेख र स्थलगत अध्ययन, २०६८*

चित्र १


अबसर प्राप्त बालबालिकाहरुको सिकाई क्षमता




*स्रोत: नतिजा अभिलेख र स्थलगत अध्ययन, २०६८*

चित्र २

अबसर अप्राप्त बालबालिकाहरुको सिकाई क्षमता




*स्रोत: नतिजा अभिलेख र स्थलगत अध्ययन, २०६८*

वालविकास कक्षामा अध्ययनको अवसर पाएका वालवालिकाहरूको सिकाई क्षमता उच्च देखिएको छ । नेपाली, गणित, अंग्रेजी, विज्ञान स्वास्थ्य, सामाजिक ,सम्बन्धी विषयहरूमा औषत प्राप्ताङ्क ६० भन्दा माथिनै देखिन्छ । जबकी अवसर अप्राप्त वालवालिकाहरूको नेपालीमा औषत प्राप्ताङ्क ६० छ भने अरू विषयमा प्राप्ताङ्क ६० भन्दा तल नै छ ।

अबसर प्राप्त बालबालिकाको

तालिका ३ : संज्ञानात्मक सीप विकाशको अबलोकन (१५ जना मध्ये)

| सि.नं. | विषय क्षेत्र | अबसर प्राप्त बालबालिका | | | |
|---|---|---|---|---|---|
| | | सीप विकाश हुनेको संख्या | प्रतिशत | सीप विकाश नहुनेको संख्या | प्रतिशत |
| १. | लेखनसीप | १२ | ८० | ३ | २० |
| २. | बोलाईसीप | ११ | ७३ | ४ | २७ |
| ३. | सुन्नेसीप | १४ | ९३ | १ | ७ |
| ४. | खेलप्रदर्शन सीप | १० | ६६ | ५ | ३४ |
| ५. | सोच्ने क्षमताको विकाश | १२ | ८० | ३ | २० |
| ६. | जिज्ञाशा सीप | १० | ६६ | ५ | ३४ |
| ७. | अभिनय सीप | १४ | ९३ | १ | ७ |
| ८. | सक्रियता | १२ | ८० | ३ | २० |
| ९. | एकाग्रता | ११ | ७३ | ४ | २७ |
| १० | वातावरण बुझ्ने सीप | १४ | ९३ | १ | ७ |

*श्रोत: स्थलगत अध्ययन, २०६८*

चित्र ३

संज्ञानात्मक सीप विकाश हुनेको संख्या

*स्रोतः स्थलगत अध्ययन, २०६८*

चित्र ४

संज्ञानात्मक सीप विकाश नहुनेको संख्या

*स्रोतः नतिजा अभिलेख र स्थलगत अध्ययन, २०६८*

तालिका ४

अबसर अप्राप्त बालबालिकाको

**संज्ञानसीप विकाशको अबलोकन नतिजा (१५ जना मध्ये)**

| सि.नं. | विषय क्षेत्र | अबसर प्राप्त बालबालिका | | | |
|---|---|---|---|---|---|
| | | सीप विकाश हुनेको संख्या | प्रतिशत | सीप विकाश नहुनेको संख्या | प्रतिशत |
| १. | लेखनसीप | ५ | ३४ | १० | ६६ |
| २. | बोलाईसीप | ७ | ४७ | ८ | ५३ |
| ३. | सुन्नेसीप | ६ | ४० | ९ | ६० |
| ४. | खेलप्रदर्शन सीप | ९ | ६० | ६ | ४० |
| ५. | सोच्ने क्षमताको विकाश | ८ | ५४ | ७ | ४६ |
| ६. | जिज्ञाशा सीप | ७ | ४७ | ८ | ५३ |
| ७. | अभिनय सीप | ९ | ६० | ६ | ४० |
| ८. | सक्रियता | ७ | ४७ | ८ | ५३ |
| ९. | एकाग्रता | १० | ६७ | ५ | ३३ |
| १० | वातावरण बुझ्ने सीप | ९ | ६० | ६ | ४० |

*श्रोत: स्थलगत अध्ययन, २०६८*

वालवालकिाहरूको संज्ञानात्मक सीप विकासको अवलोकनका क्रममा लेखनसीप, बोलाइसीप, सुन्नेसीप खेल प्रदर्शन सीप सोच्ने क्षमता जिज्ञाशा, अभिनय, सकियता, एकाग्रता, वातावरण बुझ्ने सीप जस्ता सुचकहरूमा प्राप्त भएको नतिजा अनुसार उच्चतम प्रतिशतका वालवालिकाहरूले सो सपि हासील गरेका छन् भने ज्यादै कम वालवालिकाहरूले मात्र उच्च सीप न्यून मात्रामा हासील गरेको देखिन्छ लेखनसीप हासील गर्ने ८० प्रतिशत छन् भने सो सीप हासील गर्न नसक्ने २० प्रतिशत मात्र छन् । त्यसैगरी वोल्ने सीप ७३ प्रतिशत वालवालिकाले हासील गरेका छन् भने २७ प्रतिशत मात्र सीप हासील गर्न सकेका छैनन् । यसैगरी सबै सूचकहरूमा वालवालिकाहरू सीप हासिल गर्नेकै प्रतिशत बढी छ । ज्यादै कम वालवालिकाहरूले मात्र सीप हासील गर्न सकेका छैनन् ।

चित्र ५

अबसर प्राप्त बालबालिकाको

संज्ञानसीप विकाशको अबलोकन नतिजा (१५ जना मध्ये)

*स्रोतः स्थलगत अध्ययन, २०६८*

चित्र ६

अबसर अप्राप्त बालबालिकाको
संज्ञानसीप विकाशको अबलोकन नतिजा (१५ जना मध्ये)

*स्रोत: नतिजा अभिलेख र स्थलगत अध्ययन, २०६८*

वालविकासको अवसर नपाएका वालवालकिाहरूको संज्ञानात्मक सीप विकासको अवलोकनका क्रममा लेखनसीप, बोलाइसीप, सुन्नेसीप खेल प्रदर्शन सीप सोच्ने क्षमता जिज्ञाशा, अभिनय, सक्रियता, एकाग्रता, वातावरण बुझ्ने सीप को नतिजा विश्लेषण गर्दा सीप विकास हुनेहरूको प्रतिशत कम देखिन्छ भने सो सीप हासील गर्न नसक्नेहरू वढी देखिन्छन् । यसले गर्दा वालविकासकक्षाको अवसर प्राप्त भएका वालवालिकारूको तुलनामा अवसर अप्राप्त वालवालिकाहरूको संज्ञानात्मक सीप कम देखिन्छ ।

तालिका ५

अबसर प्राप्त बालबालिकाहरुको
सरसफाई सीपको अवलोकन नतिजा (१५ जना मध्ये)

| क.स.. | विषय क्षेत्र | सीप विकाश हुनेको संख्या | प्रतिशत | सीप विकाश नहुनेको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | व्यक्तिगत सफाई | १२ | ८० | ३ | २० |
| २. | आफ्नो कक्षा कोठा सफाई | १४ | ९३ | १ | ७ |
| ३. | आफू बस्ने स्थानको सफाइ | १३ | ८६ | २ | १४ |
| ४. | चर्पिको सरसफाई | १५ | १०० | ० | ० |
| ५. | खानेकुराको सफाई | १२ | ८० | ३ | २० |


*श्रोतः स्थलगत अबलोकन अध्ययन, २०६८*

चित्र ७
अबसर प्राप्त बालबालिकाहरुको
सरसफाई सीपको अवलोकन नतिजा (१५ जना मध्ये)

*स्रोतःस्थलगत अध्ययन, २०६८*

चित्र ८

अबसर प्राप्त बालबालिकाहरुको
सरसफाई सीपको अवलोकन नतिजा (१५ जना मध्ये)




*स्रोतःस्थलगत अध्ययन, २०६८*

तालिका ६
अबसर अप्राप्त बालबालिकाहरुको
सरसफाई सीपको अवलोकन नतिजा (१५ जना मध्ये)

| क.स.. | विषय क्षेत्र | सीप विकाश हुनेको संख्या | प्रतिशत | सीप विकाश नहुनेको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | व्यक्तिगत सफाई | ५ | ३३ | १० | ६७ |
| २. | आफ्नो कक्षा कोठा सफाई | ७ | ४६ | ८ | ५४ |
| ३. | आफू बस्ने स्थानको सफाइ | ६ | ४० | ९ | ६० |
| ४. | चर्पिको सरसफाई | ७ | ४६ | ८ | ५४ |
| ५. | खानेकुराको सफाई | ६ | ४० | ९ | ६० |

*स्रोतः स्थलगत अवलोकन अध्ययन, २०६८*

चित्र ९
अबसर अप्राप्त बालबालिकाहरुको
सरसफाई सीपको अवलोकन नतिजा (१५ जना मध्ये)

*स्रोत:स्थलगत अध्ययन, २०६८*

चित्र १०
सिकाइ क्षमताको तुलनात्मक अध्ययन (अवसर प्राप्त)

*स्रोतःनतिजा अभिलेख र स्थलगत अध्ययन, २०६८*

चि नं ११

सिकाइ क्षमताको तुलनात्मक  अध्ययन (अवसर अप्राप्त)

*स्रोतःनतिजा अभिलेख र स्थलगत अध्ययन, २०६८*

४.२. बाल बालिकाहरूको व्यवहार अवलोकन बाट प्राप्त सामाजिकीकरणको प्रभाव

वालबालिकाहरूले कक्षामा सिक्ने पर्ने विषयलाई ठोस वस्तुको रूपमा प्रयोग गरी सिकाइएको छ । उनीहरूको सिक्ने वातावरणको अधिकतम उपयोग गरिएको पाइयो । सिकाइ क्षेत्रको व्यवस्थापनले उनीहरूको सामाजिकीकरण सहज बनाएको छ । कक्षाको कोठाभित्रका सिकाईलाई उनीहरूले आफ्नो दैनिक जीवन संग तादात्म्य गर्न सफल भएका छन् । कक्षामा हुने सामूहिक खेलकुदले सामाजिक भावनाको विकास भएको छ । कक्षामा बालबालिकाहरूको समग्र पक्षहरूको विकास हुनेगरी व्यवस्थित गरिएका सामाग्रीहरूले उनीहरूको व्यवहार सुधार गर्न सहयोग पुऱ्याउन, सामानहरूको उचित रेखदेख व्यवस्थान गर्न उनहिरूले देखाएको व्यवहारले उनीहरूलाई मिलनसारीता, साथिभाइसंगको सौहार्द्रता जस्ता व्यवहारहरू सिकाएको छ ।

४.२.१. कक्षाको भौतिक वातावरण अवलोकनद्वारा सामाजिकि करणमा पूऱ्याएको सहयोग

वालविकास कक्षाको व्यवस्थित कोठा, बस्ने सामाग्री त्यसको सरसफाई पोषण, सुरक्षा पानी शौचालय जस्ता भौतिक श्रोत साधनहरूको आवश्पयता अनिवार्य भएपनि त्यसको उचित व्यवस्गापनले वालवालिकाहरूको सिकाई र व्यवहारामा फरक पारेको हुन्छ । वालविकास कक्षाको कोठा,बस्ने सामाग्रीहरू सरसफाइ, पोषण सुरक्षा पानी शौचालय आदिको उचित व्यवस्थापन भए नभएको स्थितिको अवलोकन गरिएको छ । अवलोकन गर्दा कक्षाको कोढा खुल्ला फराकिलो उज्यालो, बस्ने स्थानमा गुन्द्री वा अन्य ओछ्याउने कुराको व्यवस्था मिलाइएको पाइएको थियो । कतिपय स्थान वालविकास कक्षाको निम्ति साँघुरो भएको पाइएको थियो ।

४.२.२. कक्षामा खेलकुद तथा मनोरन्जनात्मक सामग्रीको व्यवस्थाले सामाजीकी करणमा पूऱ्याएको सहयोग ।

खेलकुद वालवालिकाहरूका निम्ति उपयुक्त माध्यम हो । वालवालिकाहरूमा मनोरञ्जन तथा सामजिकता बृद्धि गर्न खेलकुदले सहयोग पुऱ्याउँछ । यस आधारमा वालविकास कक्षाहरूमा खेलकुद तथा मनोरञ्जनको व्यवस्थाको बारेमा गरिएको अध्ययनबाट वालवालिकाहरू बढी उत्सुक र जिज्ञाशु पाइएका थिए । वालविकास कक्षाहरूमा खेलकुद तथा मनोरंजन लाई निम्न आधारमा छुट्याइ व्यवस्थित गरेका पाइयो भने कतिपयमा सो अवस्था उपलब्ध भएको नदेखिएको व्यवस्थापन गर्न आवश्यक सल्लाह प्रदान गरिएको थियो । खेलकुदका क्षेत्रहरू र तिनको व्यवस्थापन निम्नानुसार भएको थियो ।

४.२.३. भाषा विकास र सामाजीकीकरण

वालविकास कक्षाले यसमा कथाका पुस्तकहरू, चित्रहरू, अक्षर लेखनका अभ्यास पुस्तिमा अक्षर ब्लक वालकथा, चित्र कथा अंक तथा अक्षरको ज्ञान हुने पुस्तिकाहरू फ्लाटीन बोर्ड चराचुरूङ्गी, पशुपक्षी आदिका चित्रहरू व्यवस्थित गरेको देखिन्छ ।

४.२.४ गणित सिकाई क्षेत्रबाट सामाजीकीकरणमा फाइदा

यसमा विभिन्न रंगहरू, आकारहरू जनावर, पशुपक्षीं वलक आदि सजाउने, चाङ बनाएर राख्न लगाउने विभिन्न खेलौना, पाङग्रा, गाडी, टेलीफोन, रेडियो कम्प्युटर आदि ठुलो सानो लामो छोटो वाक्लो पातलो काठका टुक्रा वियाँहरूको व्यवस्था गरेको छ ।

४.२.५. अभिनय क्षेत्र र सामाजीकीकरण

यसका लागि वालबालिकाहरूले नक्कल गरेर खेल्न खेलौनाहरू, पुतली, भाडाकुटी, भकुण्डो, पसल गर्ने विभिन्न जनावर, फलफुल, ऐना आदिको व्यवस्था गरी अभिनय गराउने गरेको छ ।

४.२.६. सिर्जनात्मक सिकाई क्षेत्रले सामाजीकीकरणमा पुऱ्याएको फाइदा

अध्ययन क्षेत्रका कक्षामा यस क्रियाकलापको विकास गराउन साधारण तथा कागजका पाना, उन्ने, बुन्ने, पट्टयाउने, च्यात्ने, टाँस्ने र छुट्याउने जस्ता क्रियाकलापहरू गरिइएको छ ।

४.२.७. स्वावलम्बन सिकाई क्षेत्रबाट बालबालिकाहरुको सामाजीकीकरणमा योगदान

वालविकास कक्षाहरूमा वालवालिकाहरूलाई तुना बान्ने जुत्ताको फिता बान्ने इजार बान्ने, फस्नर लगाउने, हुक लगाउने टाँक लगाउने आदि क्रियाकलापहरू गराइएको पाइयो ।

४.२.८. विज्ञानसंग सम्बन्धित सिकाइक्षेत्र र सामाजीकीकरण

वालवालिकाहरूलाई यसमा माटो, पानी बालुवा विभिन्न बोटविरूवा पात र जन्तु जनावरहरू आदि सामग्रीको व्यवस्था गरी मनोरंजनपूर्वक यसले उनीहरुको सामाजीकीकरणमा सहयोग पुगेको छ ।

४.२.९. कक्षामा वालवालिकाहरूका लागि विविध फाइदाहरू

कक्षामा वालवालिकाहरूलाई हात खुट्टा पाखुरा मांसपेशी मन मस्तिष्क र आँखा कान नाक हात औला चलाएर नयाँ अनुभव गर्ने र सिक्ने बुझ्ने, जान्ने र अन्वेषण गर्ने अवसर दिइएको छ ।

उनीहरूका लागि भविष्यमा जान्नु पर्ने तथा सिक्नुपर्ने विषयहरू, खेल र खेलौनाको माध्यमबाट अवधारण को विकास गराइएको छ । सानै उमेरमा विभिन्न विषयका अवधारणा स्पष्ट पारी वालवालिकाहरूले पछि विद्यालयमा सिकाउने कुरामा गराउन सहयोग पुगेको छ । यसबाट निम्न निष्कर्षहरू प्राप्त भएकोछ ।

४.२.१०. कक्षामा वालवालिकाहरूको सुरक्षा

उनीहरूले आफुलाई सुरक्षित महशुस गरेका छन् । आफ्नो चौतर्फी विकासमा उचित आवसर पाउने आशा राखेका छन् । उनीहरूमा सोधपुछ गर्ने खोजनिति गर्ने सीप विकास भई बौद्धिक विकास भएको छ । खेलको माध्यमबाट आफ्नो अनुभव संप्रेषण गर्ने अवसर प्राप्त गरेका छन् । यसले उनीहरूको सामाजीकरण (Socialization) बढेको छ ।

क) उनीहरूको समूहमा खेल्ने, खेलको नियम अनुसार पालो पर्खने, निर्देशन मान्ने आदर सम्मान गर्ने जस्ता व्यवहार सिकाई सामाजिक विकास गर्न सहयोग पुगेको छ ।

क) उनीहरू हुर्केको परिवेश अनुसार नक्कल गरी खेल खेल्ने बानीको विकास चएको पाइयो जस्तै । पुलिस, पसले, मान्छे आदि यस्ता खेलले उनीहरू बीचमा माया ममता गर्न आफैले देखेभोगेको अनुभव गरेको कुरा व्यक्त गर्ने जस्ता कामले भावनात्मक विकासमा सहयोग पुगेको छ ।

ग) कक्षामा उपलब्ध पीङ, वल, चिप्लेटी रिङ दैडने उफ्रने हाउभाउ सहित गीत गाँउने नाच्ने जस्ता क्रियाकलाप गराउंदा शारीरिक विकासमा समेत सहयोग पुगेको छ । उनीहरूमा आफ्नो सामाजिक विकासमा समेत सहयोग पुगेको उनीहरूमा आफ्नो सामाजिक बानीको विकास भएको छ ।

घ) वालवालिकाहरू कर्मठ, योग्य, हरेक समस्यासंग जुटने सिपको विकास भएको छ , समस्यासंग डराउदैनन्, उनीहरू ज्ञानी, असल आज्ञाकारी सृजनशील, जेहन्दार विद्यालयमा नियमितता व्यस्त अभिभावकहरूलाई वालविकास कक्षामा निर्धक्कसंग छोडेर जानसकिने अवस्था रहेको कुरा अभिभावक बाट व्यक्त भएको छ ।

ङ) कक्षामा नियमित उपस्थित वालवालिकाहरू विद्यालयमा नियमित उपस्थित हुने, पढाएको कुरा ध्यान दिएर सुन्ने, अनुशासित बन्ने, साथिभाईसंग मिल्ने, कुरा छिटो बुझ्ने भएकोले शिक्षकहरूलाई समेत फाइदा भएको कुरा अध्ययनका समयमा अभिव्यक्त विचारले प्रष्ट्याएको छ ।

४.२.११ वालवालिकाहरूमा खेलको अभ्यास र उनीहरूमा पुगेको सामाजिक प्रभाव

अध्ययनका अवसरमा विभिन्न वालवालिकाहरूसंग उनीहरूको खेलसंग विभिन्न जिज्ञाशाहरू राखिएका थिए जसबाट निम्न निष्कर्षहरू प्राप्त भए ।

क) खेलकुदबाट उनीहरूमा आत्मविश्वास बढेको छ, यसले उनीहरूको चौतर्फी विकासमा सहयोग पुगेको छ ।

ख) खेलको माध्यमबाट सकारात्मक अवधारणाको विकास भएको छ ।

ग) उनीहरूमा सोच्ने र निर्णय गर्ने क्षमताको विकास भएको छ ।

घ) शरीरका अंगहरूको उचित संचालन समन्वय र विकास गर्न, शरीर संचालन र नियन्त्रण गरी सक्षम बनाउन सहयोग पुगेको छ ।

ङ) खेलमा पाएको विभिन्न अवसरबाट नेतृत्व क्षमतामा विकास गर्न सहयोग पुगेको छ ।

च) खेलकुदबाट उनीहरूमा कौतुहलता र सिकाईको जिज्ञाशामा सहयोग पुगेको छ ।

छ) खेलबाटै उनीहरूमा अभिनय सीपको विकास भएको छ रीस इर्ष्या, खुशी जस्ता भाव व्यक्त गर्ने मौका प्राप्त भएको छ ।

ज) उनीहरूमा मनभित्र दविएका वेदनाहरू बाहिर ल्याई भुल्न सहयोग पुगेको छ ।

झ) ध्यान केन्द्रित गर्ने वानीको विकास भएको छ ।

ञ) समस्या समाधानको सीप विकासमा सहयोग पुगेको छ ।

ट) स्वतन्त्रपूर्वक अनुभव आदान प्रदानको अवसर दिएको छ । कुनै दवाव डरको महशुस भएको अवस्था छैन ।

ठ) खेलकै सहयोगबाट उनीहरुले नियम मान्ने, पालो पर्खने वानीको विकास भएको छ ।

ड) उनीहरूमा लक्ष्य निर्धारण गर्ने बानीको विकास भएको छ ।

ढ) कक्षामा खेल खेलाउदा उनीहरूमा स्वावलम्वन सीपको विकास, साथी समूहसंग मिल्ने सामाजीकिकरण हुन सक्षम बनाएको छ, बुद्धि तथा सोच्ने विचार गर्ने तर्क गर्ने ठीक बेठीक छुट्याउने क्षमता विकास गर्ने अवस्थाहरू प्रदान गरेको छ ।

४.२.१२. सामाजिकीकरणका लागि वालविकास कक्षामा भएका सिर्जनात्मक क्रियाकलापहरू

यस अध्ययनका अवसरमा विभिन्न वालविकास कक्षाको अवलोकन गर्दा वालवालिकाहरूमा सहयागी कार्यकर्ताको सिर्जाशीलताले प्रभाव पारेको पाइएको छ ।सहयोगी कार्यकर्ताले उनीहरूसंग जति धेरै कुराकानी गर्ने, प्रश्न गर्ने, बच्चाहरूको कुरा सुन्ने उनीहरूले भनेको मान्ने उनीहरूको भावना बुझ्ने गर्छ त्यस्ता वच्चाहरू सीर्जनशील भएका पाइए । उनीहरूले आफ्नो समाजको वातावरणमा देखेका कुरालाई आफ्नै अमुभवलाई अभिव्यक्त गर्ने अवसर प्रदान गर्दा सिर्जनशील क्षमताका विकास भएको पाइयो । सिर्जनशीलता एउटा खुवी हो यस्तो खुवी सबै वालवालिकामा हुन्छ । यसलाई अभिव्यक्त गर्न अवसर प्रदान गर्नुपर्छ भन्ने कुराको पुष्टि एउका वालविकु कक्षाका विद्यार्थीले गरेको कुराबाट अभिव्यक्त भएको थियो । यसरी हेर्दा उनीहरूको सिर्जनशिलताले सामाजिकीकरणमा प्राप्त भएका निष्कर्षहरू यस्ता छन् :-

क) उनीहरूलाई आफैले आफ्नो विचार प्रयोग गर्ने मौका प्रदान गर्नुपर्छ ।

ख) उनीहरूको भावना र विचार स्वतन्त्रतापूर्वक अभिव्यक्त गर्न सहयोग गर्नुपर्छ ।

ग) उनीहरूको नयाँ सोचाई र विचार अभिव्यक्त गर्न प्रोत्साहन गर्नुपर्छ ।

घ) उनीहरूको व्यवहार अवलोकन गरी उनीहरूको लुकेको प्रतिभा तथा खुशी पहिचान गर्ने र प्रतिभा प्रस्फुटन गर्न सहयोग गर्नु पदर्छ ।

ङ) उनीहरूको इच्छानुसार सिर्जनात्मक खेलहरू खेल्न दिनुपर्छ ।

च) हाउभाउयुक्त गीत गाउन सहयोग गर्नु पदर्छ ।

छ) हाउभाउ सहित कथा भन्न सक्नेलाई भन्न लगाउँदा पनि सामाजिकताको विकास गराउन सकिन्छ ।

ज) आफ्नो बरीपरिका दृष्य तथा वातावरणको छलफल गराउनु पर्छ ।

४.२.१३. सामाजिक क्षमताको विकास गराउन वालवलिकाहरूलाई प्राकृतिक अवलोकन

अध्ययनका क्रममा यो निष्कर्ष निस्कियो कि वालवालिकाहरू आफ्नो परीपरिको वातावरण र मानिससंग अन्तरकृया गरी आफु परीपक्व (Matured) बन्न सिक्छन् ।

उनीहरूको उमेर र अवस्थाले गर्दा एकै ठाउंमा स्थिर भएर बसिरहन मन पराउने उनीहरूको स्वभाव हुँदैन, नयाँ नयाँ ठाउँ हर्ने नयाँ कुरा जान्न मन पराउने स्वभावका हुन्छन् । विषयबस्तुमा आधारीत विभिन्न सिकाई माध्याम मध्ये प्राकृतिक अवलोकन महत्वपूर्ण र सशक्त माध्यम बन्न सक्छ भन्ने कुरा अध्ययन बाट निष्कर्षमा पुगिएको छ ।

उनीहरूको शारीरिक बौद्धिक सामाजिक संवेगात्मक भाषिक विकास गरी उनीहरूमा आत्मगौरव, आत्मविश्वास, सक्षमता, सृजनशिलता संवेदनशीलता, विचारशीलता जस्ता कुराहरूको विकास गराउन सकिन्छ यसबाट उनीहरूमा सामाजिकीकरण क्षमताको विकासमा सहयोग पुगेको पाइयो ।

क) आफ्नो बाटोमा यताउती हेर्न लगाउने जस्ता कामले उनीहरूमा सजगताको विकास भएको छ । सावधानी अपनाउन सकेको पाइयो ।

ख) शिक्षकले वालवालिकाहरूसँग आफ्नो परिवेशको अवलोकन गर्दा थप प्रभावकारी हुने देखियो अथवा सहयोगी कार्यकर्ता पनि वालबच्चा सरह भै व्यवहार गर्नुपर्छ ।

ग) उनीहरूमा ध्यानपूर्वक हेर्ने , नयाँ कुरा जान्ने, नयाँ कुरा पत्ता लगाउने संभ्रेर भन्ने छलफल गर्ने आदि कार्य गराउनु पर्छ ।

घ) उनीहरूसंग सकारात्मक अन्तरक्रिया गर्दा उनीहरूको सिकाई क्षमता विकास भएको पाइयो । सहयोगी कार्यकर्ता उनीहरूको सिकाई क्षमता विकास गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्नुपर्छ यस भूमिकामा अध्ययनक्षेत्रका सबै शिक्षकहरु कार्यकर्ताहरू सक्रिय थिए । वालवालिकाहरू सँग उनीहरूले सकारात्मक उत्प्रेरणवर्द्धक र अर्थपूर्ण अन्तरक्रिया गरेका थिए ।

ङ) शिक्षक जति सहयोगी छन् त्यतिनै वालवालिकाहरू गहिरिएर सिक्न त्यसबारे अझ बढी बुझन, अन्वेषण गर्न खोजिनीति गर्न समस्या समाधान गर्न उत्सुक भएका पाइएको छ । उीहरूको सिकाई क्षमता तीव्र बनाउन शिक्षकले वालवालिकाका क्रियाकलापहरू नियालेर हेर्ने बुझने अवलोकन गर्ने र आवश्यकता अनुसार उनीहरूले गरेका काममा प्रोत्साहन गर्ने सोध्न सिक्नमा सहयोग गर्ने गरेको पाइयो । यसबाट वालवालिकाहरूमा आत्मविश्वास र अनुशासन, अभिव्यक्तिमा निडरपनको विकास भएको पाइयो ।

४.२.१४ वालवालिकाहरूको बौद्धिकताले उनीहरूको सहज सामाजिक जीवनमा सहयोग

क) उनीहरू समूह कार्यमा भाग लिई नेतृत्व लिन प्रयासरत छन् ।

ख) समूहमा मिलेर काम गरेकाछन् ।

ग) आवश्यक सूचना र जानकारीमा चासो राख्छन् ।

घ) समूहमा काम गर्दा, खेल्दा कुराकानी गर्दा आदरार्थी र राम्रा शब्दहरूको प्रयोगमा ध्यान दिन्छन् ।

ङ) अभिनय द्वारा पनि व्यवहार प्रदर्शन गर्दछन् र आफ्नो दायित्व बोध गर्छन् ।

च) आफ्नो विचार तार्किक रूपमा प्रकट गर्न सक्छन् ।

छ) अरूको कुरा ध्यानपूर्वक सुन्न आफ्नो कुरा सुनाउन अग्रसर हुन्छन् ।

ज) अर्कासँग शिष्टाचार र सदाशयता गर्न सक्छन् ।

झ) आफ्ना घरमा प्रयोग हुने सामग्रीबाट जानकारी लिन अग्रसर भएका छन् ।

ञ) स्वतन्त्र सिकाईलाई प्रोत्साहन भएको छ ।

ट) आपसमा मिलेर सिक्ने सहयोगी सिकाईको अवसर प्राप्त भएको छ ।

ठ) कक्षामा शिक्षण प्रक्रियालाई प्रोत्साहन मिलेको छ ।

ड) कक्षामा भएका वालवालिकाहरूको अध्ययन गर्दा ठूलो उमेरका वालवालिकाले सानो उमेरका लाई सिकाउने , नेतृत्व विकास गर्ने सहयोग गर्ने, क्षमताको विकास, माया गर्ने बानी, आफूले जानेकामा आत्मगौरवको विकास भएको, आफुभन्दा ठूलो उमेरका वालवालिकाहरूको व्यवहार कियाकलाप अनुकरण गरेर सिकेको पाइयो ।

ढ) वालवालिकाहरूको व्यक्तिगत भिन्नता अनुसार ढिलो सिकाई क्षमता भएका वालवालिकाहरू पनि आफ्नो सिकाई क्षमता अनुसार प्रगतितर्फ उन्मुख भएका छन् ।

ण) समूहमा मिलेर खेल्दा भाषा सिकाइ क्षमता तथा शब्द भण्डार को विकास भएको छ ।

त) कक्षामा समूह सिकाई व्यक्तिगत सिकाई र सहयोगात्मक सिकाई का कारण सिकाइमा प्रोत्साहन मिलेको छ ।

४.२.१५. कक्षामा सिकाइने विधि र वालवालिकाहरूको सामाजिकीकरण तादात्म्यताको अध्ययन

कक्षामा फरक फरक उमेरका विद्यार्थीहरुको विभिन्नताले उनीहरूको सामाजिकीकरणको लागी प्राप्त भयो निकर्ष :

क) सहयोगात्मक सिकाई

वालवालिकाहरूका तत्काल सहयोगी भन्नाले आफ्नै सहपाठी हुन् । शिक्षकले ठूला र साना वालवालिकहरूको समूह बनाई सिकाई गराउदा सहयोगी भूमिका प्रस्तुत गर्न पाउदा सिकाई प्रभावकारी भएको पाइयो । वालवालिकाहरूमा आफु एक्लै छुइन भन्ने भावनाको विकास भै निडरपनाको विकास भएको पाइयो । उनीहरूमा यस किसिमबाट सहयोगात्मक  सिकाई गर्दा एकआपसमा ध्यान दिएर सुन्ने आफ्ना स्वतन्त्र विचार अभिव्यक्त गर्ने आफुलाई चाहिएको सहयोग माग गर्ने आफ्नो पालो पर्खने जस्ता कराहरूमा होशियार भएको पाइयो ।

ख) वालवालिकाहरूको रूचि र क्षमताको ख्याल गरी वयक्तिगत तथा समूह कार्यमा वालवालिकाहरूलई संलग्न गराउनुपर्छ ।

ग) शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी वालवालिकाहरूलाई नै सिकाउन लगाउने जसले गर्दा उनीहरूमा सिकाउने अवसर पाएकोमा खुसी हुन्छन् उनीहरूले आफ्नो सामाजिक जिम्मेवारी बढेको महशुस गरेको पाइयो ।

घ) शिक्षकले समूहकार्यलाई निरन्तर अवलोकन गर्ने आवश्यक निर्देशन दिने छलफल गराउने र मूल्याङ्कनबाट प्राप्त नतिजा अनुरूप सिकाई कार्य गराई सुधार गरेको छ ।

ङ) वालमैत्री वयवहारले सिकाई कार्यलाई सहयोग पुऱ्याई वालवालिकाहरूको सामाजीकिकरणमा सहयोग पुगेको छ ।

४.२.१६ वालवालिकाहरूको सामाजिकीकरण र कक्षाको कृयाकलाप

अध्यययनमा समाबेश गरिएका वालविकास कक्षाहरूमा वालवालिकाहरूका लागि अपनाइएका पूर्व साक्षरता सीप कार्यकलाप र वालवालिकाहरूको सामाजिक व्यवहार, अध्ययनबाट प्राप्त विष्कर्षहरू निम्नानुसार छन् ।

क)	वालवालिकाहरूमा साक्षरता सीपको विकास साथै उनीहरूमा सामाजिक सीपको विकास गराउन सिकाई क्षेत्रसंग सम्बन्धित साक्षरता सामग्रीहरूको प्रयोग गरिएको छ ।

ख)	उनीहरूलाई प्रारम्भिक पढाई लेखाईका क्रियाकलापमा संलग्न गराउन चित्र बनाउने, धर्काहरू कोर्न लगाउने, सामूहिक चित्र बनाउने, चित्रकथााहरू हेर्न दिने, छलफल गराउने जस्ता क्रियाकलापहरू गराइएका छन् ।

ग)	वालवालिकाहरूको सिकाई घरबाट शुरू हुने सर्वमान्य सिद्धान्त अनुसार वालविकास कक्षाहरूमा भएका वालवालिकाहरूको सिकाईमा अभिभावकहरूबाट प्राप्त हौसलाले पनि महत्वपूर्ण भूमिका खेलेको पाइयो । आफ्ना नानीहरूको सिकाइ प्रति उनीहरू ज्यादै सचेत छन् । वालवालिकालाई प्राप्त अभिभावकीय सहयोगले सिकाई र सामाजिकतामा प्रभाव पारेको छ । आफ्ना अभिभावकको व्यहोरा अवलोकनबाट वालवालिकाले अरूसित आफुले के कसरी वयवहार गर्ने भन्ने कुरा सिकेका छन् ।

घ)	कक्षामा जानुभन्दा अभिदेखि नै वालवालिकाहरू घरबाटै अभिभावकसँग धेरै कुरा सिकेर गएका हुन्छन् । उनीहरूको सामाजिक व्यवहार सिकाउने पहिलो गुरू अभिभावक नै हुन्छन् । श्रद्धा, स्नेह, व्यवहार र शिष्टता व्यक्तित्व विकास तथा परम्पराको ज्ञान जस्ता सकारात्मक कुराहरू वालवालिकाको सिकाइका महत्वपूर्ण कुरा छन् । अभिभावकबाट प्राप्त हुने यस्ता कुराहरूले पनि वालवालिकालाई सामाजिकीकरणमा सहयोग पुगेको छ ।

## ४.३	प्रारम्भिक बालविकास शिक्षा प्राप्त र अप्राप्त बालबालिकाको तुलना

### ४.३.१ सिकाइ क्षमता

कक्षा एकका बालबालिकाको अर्द्धवार्षिक परीक्षा नतिजा हेर्दा बालविकासको अवसर प्राप्त गरेका बालबालिकाको सिकाई क्षमता अवसर प्राप्त नगरी सिधै कक्षा एकमा आएका बालबालिकाको तुलनामा उच्च स्तरको पाईयो ।

### ४.३.२ संज्ञानात्मक सीप विकास

बालविकासको अवसर नपाई सिधै कक्षा एकमा आएका बालबालिका लेखन सीप, वोलाई सीप, सुन्ने सीप, खेल प्रदर्शन सीप, सोच्ने क्षमताको विकास, जीज्ञासा

राख्ने बानी अभिनय सीप, सकृयता, एकाग्रता, आफ्नो आसपासको वातावरण बुझ्ने सीपमा अवसर प्राप्त बालबालिकाको तुलनामा कमजोर देखिएका छन् ।

४.३.३ सरसफाई सीप विकास

बालबालिकाको सरसफाईको सीप विकासको अवलोकनबाट बालविकास केन्द्रमा पढेर आएका बालबालिकाको व्यक्तिगत सरसफाई आफ्नो कक्षा कोठा सफाइ, आफू बस्ने स्थानको सफाइ, चर्पीको सफाइ, खानेकुराको सफाइ अवलोकन गर्दा सिधै कक्षा एकमा आएका बालबालिका भन्दा अगाडी छन् ।

४.४ बालविकास कार्यक्रमका समस्याहरुःर कक्षामा तिनको प्रभावः

बालविकास संचालनमा भएका विभिन्न समस्याहरुले बालबालिकाहरुको सामाजिकीकरणमा विभिन्न समस्याहरु भएका छन् । ती समस्याहरु यस प्रकारका छन् :

४.४.१. भौतिक साधन

विद्यालयमा भएको भौतिक साधनको अपर्यप्तताले बालबालिकाहरुको बस्ने व्यवस्था, खानेपानी, सौचालयमा समस्या भएको छ ।

४.४.२. शौक्षिक सामाग्रि :

कक्षामा समयानुकुल शैक्षिक सामाग्रिहरुको अभाव छ ।

४.४.३. स्रोतको कमीः

कक्षामा आवश्यक सामाग्रीहरुको खरिद गर्न सामाग्रि निर्माण गर्न स्रोतको कमी छ । शिक्षकले आफ्नो सामाग्रि तयार गर्न सिपको प्रयोग गर्न सकेका छैनन् ।

यसरी हेर्दा हाम्रो विद्यालयमा भएका समस्याहरुले बालबालिकाहरुको सामाजिकीकरणमा समस्या भएको छ । तर पनि उपलब्ध साधन र स्रोतको अधिकतम प्रयोग गरि बालबालिकाहरुलाई सामाजिकीकरणमा सहयोग पुगेको छ ।

४.५ समस्या समाधानका उपायहरु

बालविकास केन्द्रमा अध्ययन गरेर कक्षा एकमा भर्ना भएका बालबालिकाको सिकाइ उपलब्धि तथा सामाजिकीकरण क्षमता बढी भए पनि अपेक्षीत उपलब्धि अझै प्राप्त हुन सकेको छैन् । समस्याहरु छन्, समाधानका निम्न उपायहरु अपनाउन सकिन्छ :

४.५.१ केन्द्रमा उपलब्ध भौतिक सुविधाले पनि बालबालिकाको सामाजिकीकरणमा प्रभाव पार्ने भएकोले बालविकास केन्द्रमा भौतिक व्यवस्थापन राम्रो बनाउनु पर्छ । बालविकास केन्द्र प्रति समुदायलाई जिम्मेवार बनाई व्यवस्थापन सुदृढ बनाउनु पर्छ । समुदाय, संघसंस्थाको सहयोगमा बालविकास केन्द्रमा भैतिक व्यवस्थापन गर्न सके कक्षा एकका बालबालिकाको सिकाइ उपलब्धि बढाई उनीहरुको सामाजिकीकरण क्षमता समेत बढाउन सकिन्छ ।

४.५.२ बालबालिकाले शैक्षिक सामाग्रिको सहयोगमा अध्ययन गर्ने अवसर पाएमा सिकाइ क्षमता तथा सामाजिकीकरणमा सहयोग पुग्ने भएको हुँदा उमेर अनुसारका उपयुक्त शैक्षिक सामाग्रीहरु, खेलैनाको प्रयोग गरी शिक्षण गरेमा सामाजिकीकरण क्षमता बढाउन सकिन्छ । यसका लागि स्थानीय स्रोत र साधनको प्रयोग गरी सामाग्रीको निर्माण गर्न सकिन्छ ।

४.५.३ कक्षा एकका बालबालिका सानै उमेरका हुने भएका हुँदा उनीहरुका लागि स्रोत खोजी गरी विद्यालयमै खाजाको व्यवस्था गर्न उपयुक्त हुन्छ । जसले गर्दा उनीहरुमा पारिवारिक वातावरण उपलब्ध भई सिकाइ क्षमता तथा सामाजिकीकरणमा सहयोग पुग्दछ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१. प्राप्ति

शिक्षाले व्यक्तिलाई समाजोन्मुख बनाउनु पर्छ । शिक्षाको माध्यमबाट वालवालिकाहरूको सर्वाङ्गीण विकासमा योगदान पुग्नुपर्दछ । वालवालिकाहरूको सामाजिकीकरणको प्रभाव सम्बन्धमा भएको अध्ययनबाट उनीहरूमा सामाजिक संस्कारको विकास भएको छ । निकै हदसम्म सामाजिक संस्कारको विकास भएको छ । अध्ययनबाट प्राप्त भएको निष्कर्ष तथा सुझावहरू तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

क) वालवालिकाहरूको पारिवारिक सिकाई सँग सम्बन्ध स्थापना भएको छ ।

ख) समयको वदलिंदो गतिसँगै शारीरिक, मानसिक, बौद्धिक तथा गति विकासका अवधारणा अनुरूप वालवालिकाहरूको विकासलाई ध्यानमा राखी कार्यक्रम सञ्चालन गर्न शुरू गरिएको छ ।

ग) पुस्तकीय ज्ञानमा भन्दा कियाकलापमुखी बनाई सामाजिक व्यवहार सिकाउन थालिएको छ ।

घ) पाठ्यक्रममा समाज र संस्कृति परिवेश अनुसारको विषयबस्तु ग्रहण गरिएको छ ।

ङ) अभिभावकहरू .आफैले पनि स्थानीय स्तरमा शैक्षिक सामग्री व्यवस्था गरिएको छ ।

च) सरोकारवाला निकायहरूले निरीक्षण अनुगमन तथा मूल्याङ्कनमा चासो दिई सुधार गर्ने प्रयास भएका छन् ।

छ) स्थानीय समुदाय कार्यक्रम संचालन गर्न प्रोत्साहित भएको छ ।

ज) कक्षालाइ प्रभावकारी बनाउन स्थानीय श्रोतहरूको पहिचान र परिचालनमा जोड दिन थालिएको पाइयो ।

ञ) वालवालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक तथा भाषिक विकासका साथै जीवनमा आवश्यक पर्ने अनुशासनका सीपहरूमा जोड दिइएको छ ।

ड) प्रारम्भिक वाल शिक्षा कार्यक्रमको अवसर प्राप्त वालवालिहरूको भाषा तथा व्यवहारीक ज्ञान अवसर नपाएका वालवालिकाको तुलनामा भन्दा बढी छ ।

ढ) वालशिक्षाको अवसर पाएका वालवालिकाहरूको अरूसंगको व्यवहार अवसर नपाएका वालवालिकाको तुलनामा वढी राम्रो छ ।

ण) उनीहरूको सुनाई, बोलाई, सोचाई क्षमता जिज्ञाशुपन, अनुकरणीय सीप, एकाग्रता, वरिपरिको वातावरण बुझ्नेक्षमता अवसर नपाएका भन्दा वढी राम्रो छ ।

द) वालविकास कक्षाहरूमा अध्ययन तथा सिक्ने अवसर पाएमा वालवालिकाहरूको शैक्षिक र मनोबैज्ञानिक विकाससँग सम्बन्ध राख्ने सूचकहरू, भाषा विकास, सामाजिक विकास (Social development) संवेगात्मक विकास (Emotional Development) संज्ञानात्मक विकास शारीरिक तथा क्रियात्मक विकास, बानी निमार्ण गर्ने, सोच्ने सीपको विकास, कार्यशैलीमा सुधार, वातावरण बुझ्ने क्षमताको विकास, प्रतिक्रिया दिने सीपको विकास, अनुकरणीय सीप, सक्रियता, संगठनात्मक सोचाईको विकास वातावरणमा समायोजन क्षमताको विकास मौलिकपना, धैर्यताको क्षमता जस्ता कुराहरूमा उच्च प्रगति भएको छ ।

थ) वालवालिकाहरूको व्यवहार कुशलता, सरसफाई सम्बन्धी ज्ञान आफ्नो बस्ने स्थानको सफाई, खानेकुराको सरसफाई आदिमा राम्रो व्यवहारीक कुशलता हासिल गरेको कुरा अभिभावकहरूसँगको छलफलमा प्राप्त भएको छ ।

न) साथीभाईसँगको मिल्दो व्यवहार, अतिरिक्त क्रियाकलापमा रूची, नाच्ने गाउने बजाउने, नाटक गर्ने सीप आदि तथा रेडियो टेलिभिजन जस्ता मनोरंजनात्मक कुरामा ध्यान दिनेको प्रतिशत अवसर अप्राप्त वालवालिकोको तुलनामा भन्दा माथि पाइएको छ ।

प) वालवालिकाहरूको शारीरिक मानसिक, सामाजिक, संवेगात्मक विकास गर्न यो कार्यक्रम सवल भएको छ ।

फ) यस कार्यक्रमबाट वालवालिकाहरूले आफ्नो स्वास्थ्य पोषण र सरसफाईमा अभिभावकहरूसँग जिज्ञाशा राख्न सक्षमता प्राप्त गरेका छन् ।

ब) उनीहरूमा क्रियाशीलता र सिर्जनशीलताको प्रेरणा प्राप्त भएको छ ।

भ) यस कार्यक्रमले विद्यालय शिक्षाको पूर्वाधार मात्र उपलब्ध नभएर सामाजिक संरचनामा तादात्म्य राख्न उनीहरूलाई पूर्वाधार प्राप्त भएको छ ।

म) वालविकास कक्षामा अध्ययन गरी कक्षा १ मा आएका वालवालिकाहरूले भविष्यमा आफुले जान्न र सिक्नुपर्ने धेरै विषयलाई खेल, वालगीत, कथा कुराकानी, अवलोकन,

चित्र, नाटक जस्ता विभिन्न क्रियाकलापको माध्यमबाट व्यक्त गर्ने अवसर र त्यस्तो सीपमा सक्षमता प्राप्त गरेका छन् ।

## ५.२. निष्कर्ष

स्थलगत अध्ययनका क्रममा कक्षामा उपलब्ध भएको अवस्था हेर्दा विभिन्न भौतिक न्यूनताका वावजुद पनि संचालन भैरहेको पाइयो । उपलब्ध शैक्षिक सामग्रीहरूको न्यूनताले वालविकास कक्षाको विद्यालयको पूर्वाधारका रूपमा विकास गर्ने उद्देश्यलाई चुनौती दिएको देखिन्छ । पाठ्यक्रमको उद्देश्य पूरा गर्न कठिनाई रहेको पाइयो । पाठ्यक्रमनै वालविकास कक्षाको अनुशरण गर्नुपर्ने तत्व भएकोले यसकै आधारमा वालवालिकाहरूको सामाजिकीकरणमा सहयोग पुग्नु पर्नेमा पूर्ण रूपमा सहयोगी वातावरण भएको नपाइए पनि धेरै हदसम्म सहयोगी भूमिका प्राप्त भएको अध्ययनको निष्कर्ष छ । वालविकास कक्षाहरूमा संचालन गरिएका क्रियाकलापहरूमा वालवालिकाहरूको बौद्धिक, शारीरिक र संवेगात्मक चार वटै विकासात्मक पक्षलाई समेट्ने प्रयास भएका छन् । यसले वालवालिकाहरूको सामाजिकीकरण क्षमतामा सहयोग पुगेको छ ।

## ५.३. सुझावहरू

क) बालविकास कक्षामा अध्ययन गरेर कक्षा १ मा आएका वालवालिकाहरूको स्थरलाई बढाउन विद्यालय आउनु भन्दा अघि वालविकास कक्षामा अध्ययन अनिर्वाय गर्ने कार्यक्रम र योजना संचालन गर्नुपर्दछ ।

ख) विकास शिक्षामा शिक्षा, स्वास्थ्य, पोषण र सुरक्षाका एकीकृत कार्यक्रम (Integrated program) आवश्यक पर्ने तर हाम्रा वालविकास कार्यक्रममा उक्त कुराको अभाव देखिएको हुँदा एकीकृत रूपमा कार्यक्रम संचालन गर्नुपर्दछ ।

ग) सरकारबाट प्रारम्भिक वालशिक्षा तथा विकासमा लगानी गर्दा स्थानीय विकाय तथा गैरसरकारी संघ संस्थाको सहकार्यलाई प्राथमिकता र समन्वयमा राख्न सकिएमा समानता बढाउने बढाउने सार्वजनिक लगानीको प्रतिफल प्राप्त हुने, पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग, जाति लक्षित हुने गरिबको पहुँच सहज रूपमा हुने स्थानीय स्तरमा सेवा

प्रवाह प्रभावकारी हुने हुन्छ, सबैका लागि शिक्षाको निरन्तरताको रूपमा आएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSR) कार्यक्रममा सजिलो हुने र वालविकास कक्षाको थप योगदानमा सजिलो हुने हुँदा सरकारी तथा गैरसरकारी संघ संस्थाको बढी सहकार्यमा कार्यक्रम संचालन गर्नुपर्छ। यसले गर्दा बालबालिकाहरुको सामाजिकीकरणमा सहयोग पुग्दछ।

घ) पूर्व प्राथमिक शिक्षालाई पनि आधारभूत शिक्षाकै एकपाटो मानिएको हुँदा यसलाई निरन्तरता दिदै यस तहको शिक्षालाई वालवालिकाको सामाजिक जीवनसंग एकीकृत गरी शिक्षा दिनु उपयुक्त हुने देखिन्छ ।

ङ) वालविकास कक्षाका सहयोगी कार्यकर्ताहरूलाई समयानुकुल सुविधाहरू वृद्धि गर्दै तालिम अवलोकन भ्रमण आदि गराई कक्षा संचालनमा भएका कानुनी अस्पष्टताहरू हटाउनुपर्छ।

## *सन्दर्भग्रन्थ - सूची*


आचार्य, मोतीप्रसाद (२०६६) : *बालबिकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव* (अप्रकाशित एम.एड. शोधपत्र), इन्द्रपुर, सुकुना बहुमुखी क्याम्पस : शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर, (२०६२) : *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* : काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेसल (२०६२) : *शैक्षिक अनुशन्धान पद्धति,* : कीर्तिपुर काठमाण्डौं, स्टुडेण्ट बुक्स पब्लिर्स एण्ड डिस्टिब्यूटर्स ।

ढुङ्गाना, गंगाराम (२०६३), *बालबिकास केन्द्र र यसको वर्तमान अवस्था* (अप्रकाशित एम.एड. शोधपत्र) त्रि.वि. केन्द्रीय क्याम्पस कीर्तिपुर ।

पौड्याल, तेजश्वी (२०६६), *प्ररम्भिक बालबिकास कार्यक्रमको प्रभावकारिता* (अप्रकाशित एम.एड. शोधपत्र) इन्द्रपुर, सुकुना बहुमुखी क्याम्पस ।

मल्ल र साथीहरु (२०५४), *प्रारम्भिक बाल्यअवस्था विकासको सिद्धान्त,* : काठमाण्डौं, त्रि.वि. शिक्षा शास्त्र संकाय डिन कार्यालय ।

मकालु प्रकाशन काठमाण्डौ (२०६३) : *नेपालको अन्तरिम संविधान , लेखक* ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०६४), *त्रिवर्षीय अन्तरिम योजना,* काठमाण्डौं, लेखक ।

शर्मा चिरन्जीवी, शर्मा निर्मला (२०६१), *कक्षा कोठामा मनोविज्ञान* : एम के. पब्लिसर्स एण्ड डिस्टिब्यूटर्स, काठमाण्डौं ।

शिक्षा विभाग (२०६४) सानोठिमी भक्तपुर *कार्यक्रम कार्यान्वयन निर्देशिका, लेखक* ।

शिक्षा विभाग सानोठिमी भक्तपुर : अध्ययन प्रतिवेदनहरू (२०६३,२०६४,२०६५,२०६६) ।

मकालु प्रकाशन : *शिक्षा ऐन २०२८ तथा नियमावली २०५९* (संशोधन सहित), काठमाण्डौं, लेखक ।

लुईटेल, वालचन्द्र : पाठ्यक्रम अध्ययन, न्यू हिरा बुक्स इन्टरप्राइजेज कीतिपुर काठमाण्डौ ।

काफ्ले बासुदेव, श्रेष्ठ चन्द्रबहादुर र सिन्हा रामस्वरूप : *शैक्षिक प्रशासन र सुपरीवेक्षण* ।

शिक्षा मन्त्रालय (२००७) : *विद्यालय क्षेत्र सुधार कार्यक्रम मुख्य दस्तावेज,* केशरमहल, काठमाण्डौं, लेखक ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६४) : *शैक्षिक सूचना संगालो,* केशरमहल काठमाण्डौं, लेखक

मकालु प्रकाशन (२०५५) : *स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली,* काठमाण्डौं, लेखक ।

मैनाली, गोपिनाथ : *नेपाल शिक्षा आयोगका प्रतिवेदनहरू* (२०११, २०१८, २०४९, २०५५) मकालु प्रकाशन काठमाण्डौं ।

शिक्षा विभाग (२०६७) : *प्रारम्भिक वालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको पुनर्ताजगी तालिम पुस्तिका,* सानोठिमी भक्तपुर, लेखक

प्रा.डा. कोइराला, विद्यानाथ : *शिक्षामा वैकल्पिक चिन्तन,* एफो नेपाल ।

*MOES (2002) Education for all National plan of Action*, KTM, Author.

*MOES (2004) Educational For All Core Document (2004-2009),* KTM, Author .

जिल्ला शिक्षा कार्यालय (२०६८), *शैक्षिक बुलेटिन मोरङ्* : लेखक ।

## अनुसूची १

## सामाजिक व्यवहारको अवलोकनबाट प्राप्त नतिजा

| क्र.सं. | विवरण | अवसर प्राप्त बालबालिकाको व्यवहार उपलब्धी % | अवसर नपाएका बालबालिकाको व्यवहार उपलब्धी % |
|---|---|---|---|
| १ | भाषिक सीप विकास | ५८ | ४५ |
| २ | सुनाइसीपको विकास | ५९ | ३६ |
| ३ | बोलाइसीपको विकास | ५५ | ४१ |
| ४ | लेखाइ सीपको विकास | ६५ | ३५ |
| ५ | सामाजिक सीप | ९० | ४० |
| ६ | सामाजिक समायोजन क्षमता | ६७ | ४२ |
| ७ | खेल्ने सीपको विकास | ८० | ५६ |
| ८ | क्रियात्मक क्षमता | ५९ | २८ |
| ९ | कार्यशैली विकास | ५४ | २५ |
| १० | बानी निर्माण | ८० | ३७ |
| ११ | शारीरिक र स्रिजनात्मक विकास | ७४ | ४१ |
| १२ | सोच्ने सीपको विकास | ६५ | ३१ |
| १३ | मौलिकपन | ७५ | २४ |
| १४ | संगठनात्मक विकास | ५० | ४८ |
| १५ | संगठानात्मक सोचमा विकास | ६९ | २३ |
| १६ | वार्तालाप बुझ्ने क्षमता | ५५ | २२ |
| १७ | अनुसरण क्षमता | ५४ | ४० |
| १८ | जिज्ञासाको विकास | ८० | ३५ |

श्रोत : स्थलगत अध्ययन ,२०६८

## अनुसूची - दुई
## बालविकासका चरणहरु

| चरण | उमेर | मुख्य विशेषताहरु |
|---|---|---|
| ग्र्भावस्था (Prental Period) | गर्भाधारण देखि २६६ वा२८० दिन सम्मको अवस्था | |
| नवजात अवस्था (Infanacy Period) | जन्मपश्चात १५ दिनको अवस्था | जन्मपूर्वको अवस्था<br>तीव्र वृद्धि र विकास हुने<br>विकास आमाको शारिरिक एवं मानसिक अवस्थामा निर्भर हुने<br>आमाको प्रसन्नता र सन्तुलित आहार महत्वपूर्ण हुन्छ ।<br>गर्भको विशेष रेखदेख र परीक्षण गर्नुपर्ने हुन्छ । |
| शैशवावस्था (Baby Hood) | २ वर्षसम्मको अवस्था | छोटो अवधिको अवस्था<br>बाह्य वातावरण संग समायोजनका अवस्था<br>विकासमा पढार (Plateau) हुन्छ<br>असहायपनको अवस्था<br>विशेष सुरक्षा र हेरचाहको अवस्था<br>अधिक मृत्यु हुने सम्भावना हुन्छ |
| पूर्वबालयावस्था (Early Child Hood) | २-६ वर्षको अवस्था | तीव्र वृद्धि र विकासको अवस्था<br>कम असहाय र अधिक स्वतन्त्र हुन्छन् ।<br>राम्रो हेरविचार गर्नुपर्ने अवस्था<br>व्यक्तित्व निर्माणको आधारस्तम्भ<br>Pre School Age<br>Creative age<br>Foundation age<br>Immitation age<br>Play age<br>प्रश्नहरु सोधिरहने उमेर (Questioninng Age) |
| उत्तर बाल्यावस्था (Late Child Hood) | ७-११/१२ वर्षको अवस्था | Gang age<br>School age<br>Creative age<br>Happy age<br>Critical age |
| किशोरावस्था Adolescence Age क.पूर्व किशोरावस्था EarlyAdolescence | १२-१४ वर्ष केटी(१२-१४) केटा(१३-१४) | - छोटो अवधि<br>तीव्र वृद्धि र परिवर्तनको अवस्था<br>यौन परिपक्वता<br>उमेरमा विविधता<br>नकारात्मक चरण |
| किशोरावस्था (Adolescence) | १५-२१ वर्ष सम्मको अवस्था | परिपक्वता हुने उमेर, संक्रमणको अवधि<br>अस्थिरताको उमेर, समस्याको उमेर<br>दिवास्वप्नको उमेर, द्विविधाको उमेर<br>महत्वाकाक्षी उमेर,परिचय एवं अस्तित्व खोज्ने उमेरसमूहको उमेर<br>परीचय एवं अस्तित्व खोज्ने उमेर, समूह उमेर |

स्रोत : How to understand children's problem

बालबालिकाको सामाजिकीकरणमा प्रारम्भिक बालबिकास केन्द्रको प्रभाव

## अनुसूची - तीन

## शिक्षक/सहयोगी कार्यकताका लागि अन्तर्वार्ता प्रश्नावली

नामः-

शै. योग्यताः-

विद्यालय :-

१. तपाईले कहिलेदेखि स.का. को पदमा कार्य गर्नुभएको हो ?

२. साना बालबालिकाहरुलाई सिकाउँदाको अनुभव कस्तो छ ?

क) सहज ख) जटिल ग) कसरी ?

३. बालविकास र सिकाइ सम्बन्धबारे यहाँको धारणा कस्तो छ ?

४. बालबालिकाहरुको सामाजिक व्यवहारको मापन कसरी गर्न सकिन्छ ?

५. बालबालिकहरुको परीक्षा लिएर भन्दा उनीहको व्यवहार अवलोकनको लेखाजोखा गुर्नपर्ने कारण के होला ?

६. सामाजिक विकास संग सम्बन्धीत बानीहरु केके हुन् ?

७. बालबालिकाहरुको शैक्षिक विकासद्वारा कस्तो बानीको विकास हुन सकेको छ ?

८. स.का. भएको नाताले तपाईलाई बालमनोविज्ञानको ज्ञान किन आवश्यक छ ?

९. साना साना बालबालिकाहरुको भावना कसरी बुझ्न सक्नुहुन्छ ?

१०. यस बालविकास केन्द्रमा अभिभावक सकभागिता कस्तो छ ? कुन कुन कुरामा आभिभावकको सहभागिता प्राप्त भएको छ ?

११. बालविकास केन्द्रप्रति विद्यालय समुदाय वा अन्य संघ संस्थाको व्यवहार कस्तो छ ?

१२. अभिभावक शिक्षाको आवश्यकता किन परेको होला ?

१३. प्राररिम्भक बालशिक्षा कार्यक्रम किन आवश्यक छ ?

१४. बालविकास केन्द्रमा आएर अध्ययन गरेको बालबालिकाहरुको सामाजिक व्यवहार कस्तो छ? पहिलें र अहिलको व्यवहारमा कसरी फरक परेको छ ?

१५. आफ्ना बालबच्चाहरुको व्यवहार बाट अभिभावकहरु खुशी छन् ?

## बालबालिकाको सामाजिकीकरणमा प्रारम्भिक बालबिकास केन्द्रको प्रभाव

## अनुसूची - चार

## प्रधानाध्यापकका लागि अन्तरवार्ता प्रश्नावली

नामः-

शै.यो. :-

विद्यालय :-

१. तपाइले प्र.अ. को जिम्मेवारी बहन कहिलेदेखि गर्नुभएको हो ?

२. तपाईको विद्यालयमा बालविकास केन्द्र कहिले प्राप्त भयो ?

३. बालविकास केन्द्र प्राप्त हुंदा र पहिलेको कस्तो अन्तर पाउनु भएको छ ?

४. प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाहरुको सामाजिक व्यवहारमा कस्तो सुधार गरेको छ ?

५. बालविकास केन्द्र व्यवस्थापन र विद्यालयको व्यवस्थापनमा कस्तो भिन्नता अनुभव गुर्नु भएको छ? वा एकै किसिमको व्यवस्थापनले पुगेको छ ?

६. बालविकास केन्द्रमा अभिभावक सहभागिता कस्तो छ ?

७. बालविकास केन्द्र व्यवस्थापन क कस्को सहयोगमा गर्नुभएको छ ?

८. सहयोगी कार्यकर्ता कसरी छनौट गर्नुभएको हो ?

बालबालिकाको सामाजिकीकरणमा प्रारम्भिक बालबिकास केन्द्रको प्रभाव

## अनुसूची- पाँच

## विद्यालय व्यवस्थापन समितीका पदाधिकारी संग सम्बन्धित अन्तरवार्ता प्रश्नावली

नामः-

शै. यो. :-

विद्यालय :-

१. व्यवस्थापन समितिको बैठक महिनामा कति पटक बस्ने गरेको छ ?

२. कुन कुन विषयमा बैठकमा छलफल हेर्नुपरेको छ ?

३. विद्यालयमा आउने बच्चाहरुको हालको र पहिलेको व्यवहारमा कस्तो फरक महशुस गर्नुभएको छ ?

४. विद्यालयप्रति अभिभावकहरुको कस्तो धारणा पाउनु भएको छ ?

५. बालविकास केन्द्रमा क कस्को सहयोग प्राप्त भएको छ ?

६. बालविकास केन्द्र विकासमा स्थानीय स्रोतको परिचालक तथा सदुपयोग कसरी गर्न सकिएला ?

७. बालविकास केन्द्रले बालबच्चाहरुको जीवनस्तरमा सुधार गरेको छ ? कसरी ?

८. बालबालिकाहरुको सामाजिक व्यवहार कस्तो छ ?

९. बालबालिकाहरुको कुन कुन व्यवहारबाट सन्तुष्ट हुनुहुन्छ ?

## बालबालिकाको सामाजिकीकरणमा प्रारम्भिक बालबिकास केन्द्रको प्रभाव

## अनुसूची- छ

## अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

अभिभावकको नामः-

शै. योग्यता :-

विद्यालय :-

१. बालविकास केन्द्रमा कहिलेदेखि आफ्नो बच्चा पठाउन थाल्नुभएको हो ?

२. बालविकास केन्द्रमा बच्चा पठाउने प्रेरणा कसरी प्राप्त गर्नुभयो ?

३. तपाईले बालविकास केन्द्र सम्बन्धी कार्यक्रममा सहभागी हुने अवसर प्राप्त गुर्नभएको छ?

४. बालविकास केन्द्रमा पठाएपछि आफ्नो बच्चामा कस्तो सुधार पाउनु भएको छ ? केके कुरामा पहिलेको भन्दा फरक पाउनु भएको छ ?

५. बालविकास केन्द्रको व्यवस्थापनमा तपाईले कस्तो सहयोग पुऱ्याउनु भएको छ ?

६. बालबालिकाहरुको सामाजिक व्यवहार पहिले र अहिलेमा के फरक पाउनु भएको छ ?

## बालबालिकाको सामाजिकीकरणमा प्रारम्भिक बालबिकास केन्द्रको प्रभाव

## अनुसुची- सात

## विद्यालय निरीक्षकका लागि अन्तरवार्ता प्रश्नावली

नामः-

निरीक्षण क्षेत्र :-

१. तपाईको निरीक्षण क्षेत्रमा बालविकास केन्द्र कति छन् ?

२. निरीक्षण अनुगमनमा कस्ता समस्या छन् ?

३. बालबालिकाहरुको उपस्थिति कस्तो छ ?

४. बालबालिकाहरुको वा.वि. केन्द्रमा आउनु अघिको र अहिलेको व्यवहारमा कस्तो फरक पाउनु भएको छ ?

५. बालबालिकाहरुको सामाजिक भुमिका कसरी बढाउन सकिएला ?

६. सहयोगी कार्यकर्ताको छनौट कसरी भएको छ ?

७. वर्तमान शिक्षा ऐन नियमावली हरुले कक्षा व्यवस्थापनमा कति सहयोग पुऱ्याएको छ ?

८. बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरुको सामाजिक व्यवहार कस्तो पाउनु भएको छ? वा. वि. केन्द्रले उनीहरुलाई सो भुमिका प्रदान गरेको कुरा मा विश्वास राख्नु हुन्छ ?

बालबालिकाको सामाजिकीकरणमा प्रारम्भिक बालबिकास केन्द्रको प्रभाव

## अनुसूची - आठ

## स्रोतव्यक्तिहरुका लागि अन्तरवार्ता प्रश्नावली

नाम-

स्रोत केन्द्र-

१. तपाईको स्रोतकेन्द्रमा कति वा. वि. केन्द्र संचालिन छन् ?

२. अनुगमन निरीक्षणमा के समस्या अनुभव गर्नुभएको छ ?

३. बालबालिकाहरुको उपस्थिति कस्तो छ ?

४. वा.वि. केन्द्रको बैठकमा सहभागी हुने गर्नुभएको छ ?

५. विशेष गरी कुनकुन विषयमा छलफल हुने गरेको छ ?

६. बालविकास केन्द्रले बालबालिकाहरुको सामाजिक विकासमा कस्तो सहयोग पुगेको छ ?

७. बालविकास केन्द्र प्रति अभिभावकहरुको दृष्टिकोण कस्तो पाउनु भएको छ ?

८. बालविकास केन्द्रमा अभिभावकहरु सित अन्तरक्रिया हुने गरेको छ वा छैन ?

९. बालबालिकाहरुको सामाजिकीकरणमा बालविकास केन्दंहरुले कस्तो सहयोग पुऱ्याएको छ?

बालबालिकाको सामाजिकीकरणमा प्रारम्भिक बालबिकास केन्द्रको प्रभाव

## अनुसूची - नौ

## बालबालिकाहरुको सामाजिक दक्षता अवलोकन फारम

केन्द्रः-                                                    ठेगानाः-

| क.सं. | विषय वस्तु | छ | छैन |
|---|---|---|---|
| १ | भाषाको विकास भएको | | |
| २ | सुन्ने सीपको विकास भएको | | |
| ३ | बोलाइ सीपको विकास भएको | | |
| ४ | लेखाइ सीपका विकास भएको | | |
| ५ | सामाजिक सीप विकास भएको | | |
| ६ | सामाजिक समायोजन क्षमताको विकास भएको | | |
| ७ | खेल्न सीपको विकास | | |
| ८ | क्रियात्मक क्षमताको विकास | | |
| ९ | कार्यशैलीको विकास | | |
| १० | बानी निर्माणको विकास | | |
| ११ | शारीरिक र क्रियात्मक विकास | | |
| १२ | सोच्ने सीपको विकास | | |
| १३ | मौलिकपनको विकास | | |
| १४ | संज्ञानात्मक विकास | | |
| १५ | संगठनात्मक सोचाइको विकास | | |
| १६ | जिज्ञासाको विकास | | |
| १७ | वातावरण बुझ्ने क्षमता | | |
| १८ | अनुसरण क्षमताको विकास | | |

बालबालिकाको सामाजिकीकरणमा प्रारम्भिक बालविकास केन्द्रको प्रभाव

अनुसूची - दश

बानी व्यवहार र सरसफाइको विकास सम्बन्धी अवलोकन फारम

विद्यालय ठेगानाः-

| क्र.सं. | विषय वस्तु | छ | छैन |
|---|---|---|---|
| १ | व्यक्तिगत सरसफाइ | | |
| २ | घरको सफाइ | | |
| ३ | कक्षाकोठाको सरसफाइ | | |
| ४ | खानेकुराको सरसफाइ | | |
| ५ | शौचालयको सरसफाइ | | |

## अनुसूची- एघार

### बालबालिकाहरुको भावना तथा संवेगात्मक विकासको अवलोकन फारम

| क्र.सं. | विषय वस्तु | छ | छैन |
|---|---|---|---|
| १ | उनीहरुमा छलफल गर्ने सीप विकास | | |
| २ | काममा सहभागी हुने सीप | | |
| ३ | अरुलाई सहयोग गर्ने सीप | | |
| ४ | आज्ञापालनको सीप | | |
| ५ | अरुको प्रशंसा गर्ने सीप | | |
| ६ | सिर्जनात्मकता देखाउने सीप | | |
| ७ | वातावरणमा समायोजन क्षमता | | |
| ८ | असहमतिको प्रतिवाद गर्ने क्षमताको विकास | | |
| ९ | विकल्पको छनौट गर्ने सीप | | |